# बबई गाउँपालिकाको सामाजिक परीक्षण प्रतिवेदन

आर्थिक वर्ष (२०८१/०८२)

बबई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हापुरे, दाङ
लुम्बिनि प्रदेश, नेपाल

जेठ, २०८३

# बबई गाउँपालिकाको सामाजिक परीक्षण प्रतिवेदन

## आर्थिक वर्ष (२०८१/०८२)

<u>**प्रतिवेदन बुझिलिने**</u>

बबई गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

हापुरे, दाङ

<u>**प्रतिवेदन बुझाउने**</u>

श्री बिनोद कुमार शर्मा

श्री कृष्ण प्रसाद चौधरी

सामाजिक परिक्षक

बुह्रान इन्कर्पोरेसन प्रा. लि.

काठ्माण्डौं

जेठ, २०८३

# कार्यकारी सारांश

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ को उपदफा (५) अनुसार गाउँपालिका तथा नगरपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी तथा जवाफदेही बनाउन प्रत्येक वर्ष सामाजिक परीक्षण गर्नुपर्ने व्यवस्था रहेको छ। सोही कानुनी व्यवस्था तथा स्थानीय शासनमा सुशासन प्रवर्द्धन गर्ने उद्देश्य अनुरूप बबई गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ मा सञ्चालन गरेका नीति, योजना, कार्यक्रम तथा सेवा प्रवाहको समग्र अवस्था मूल्याङ्कन गर्न सामाजिक परीक्षण कार्यक्रम सञ्चालन गरेको हो।यस सामाजिक परीक्षणको मुख्य उद्देश्य गाउँपालिकाले सञ्चालन गरेका कार्यक्रम तथा सेवाहरूले गाउँवासीको सामाजिक तथा आर्थिक विकासमा पुऱ्याएको योगदान, उपलब्धि तथा प्रभावको विश्लेषण गर्नुका साथै योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रक्रियालाई थप सहभागितामूलक, पारदर्शी, नतिजामूलक तथा प्रभावकारी बनाउन आवश्यक सुधारका क्षेत्र पहिचान गर्नु रहेको छ।

सामाजिक परीक्षणबाट बबई गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ मा समग्र रूपमा उल्लेखनीय उपलब्धि हासिल गरेको देखिएको छ। गाउँपालिकाले सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउने प्रयास गर्दै विद्युतीय प्रणाली तथा विभिन्न सफ्टवेयरको प्रयोगमार्फत प्रशासनिक सेवा थप प्रभावकारी बनाएको पाइयो। गाउँपालिका तथा वडा कार्यालयहरूको भौतिक पूर्वाधारको अवस्था सन्तोषजनक रहेको छ भने सामुदायिक विद्यालयहरूलाई प्रविधिमैत्री बनाउन डिजिटल बोर्ड तथा छात्राबास व्यवस्थापन जस्ता कार्यक्रम सञ्चालन गरिएको छ।गाउँपालिकाले खानेपानी तथा सरसफाइ, रोजगार संवाद मञ्च, घर नक्सा पास, कार्यसम्पादनमा आधारित कर्मचारी प्रोत्साहन तथा लैङ्गिक हिंसा निवारणसम्बन्धी विभिन्न ऐन, कार्यविधि तथा नीतिगत व्यवस्था निर्माण गरी कार्यान्वयनमा ल्याएको छ। गरिब परिचयपत्र वितरण, एचआईभी संक्रमित व्यक्तिहरूलाई आर्थिक सहयोग, कुपोषित बालबालिकाका लागि ओटिसी सेवा, पूर्णखोप पालिका घोषणा, विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन तथा महिला हिंसा न्यूनीकरणका लागि सेफ हाउस सञ्चालन जस्ता कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन भएको देखिएको छ।त्यसैगरी, कृषक समूह गठन, विद्युतीय चुलो वितरण, सामाजिक सुरक्षा तथा शिक्षा क्षेत्रमा गरिएका कार्यक्रमहरूले स्थानीय नागरिकको जीवनस्तर सुधारमा सकारात्मक योगदान पुऱ्याएको पाइयो।

गाउँपालिकाले सामाजिक उद्देश्य तथा उपलब्धी हासिल गर्न पर्याप्त लगानी, ठोस कार्यक्रम र आयोजनामा वृद्धि गर्ने, गैरसरकारी संस्था (गैसस), नीजी क्षेत्र तथा गाउँबासीबीच साझेदारीमा वृद्धि गर्ने कार्यक्रमलाई नतिजा तथा उपलब्धीमूलक बनाउनुपर्ने देखिन्छ। गाउँपालिका र वडाको भौतिक पूर्वाधारको अवस्था राम्रो रहेको देखिन्छ। गाउँपालिकाले आफुले प्रदान गर्ने सेवा सुविधालाई प्रविधिमैत्रि बनाउन जोड गरिरहेको छ भने यस पालिका भित्रका सामुदायिक विद्यालयहरु प्रविधिमैत्री बनाउने कार्यका लागि डिजिटल बोर्डको व्यवस्था गरि सो अनुरुप पठनपाठनलाई अगाडी बढाईएको

छ। गाउँपालिकाको खानेपानी तथा सरसफाइ र स्वच्छता ऐन, रोजगार सम्वाद मञ्च सञ्चालन तथा व्यवस्थापन कार्यविधि, घर नक्सा पास तथा अभिलेखिकरण सम्बन्धी कार्यविधि, कार्यसम्पादनमा आधारित कर्मचारी प्रोत्साहन कार्यविधि, लैङ्गिक हिंसा निवारण, कोष सञ्चालन कार्यविधि निर्माण गरि सो अनुरुप आफना क्रियाकलापहरु संचालन गरिरहेको छ। गरिब परिचय पत्र वितरण, एचआईभी संक्रमितहरुलाई आर्थिक सहयोग कार्यक्रम, कुपोषीत बालबालिकाको लागि २ वटा स्वास्थ्य संस्थामा ओटिसी सेवा संचालन गरि रहेको छ भने पूर्णखोप पालिका घोषणा गर्न सफल भएको छ। वार्षिक शैक्षिक स्थिति, प्रतिवेदन, २०८२ तयार गरी प्रकाशन र ८, ९ र १० कक्षाका बालबालिकाहरुलाई अतिरिक्त सिकाईको लागि छात्राबास संचालन गरि पठनपाठन संचालन भईरहेको छ। समन्वय तथा साझेदारीमा प्रत्येक वर्ष विशेषज्ञ सेवा सहितको स्वास्थ्य सिविर संचालनले विपन्न तथा पछाडि पारीएका बर्गलाई स्वास्थ्य उपचारमा सहजता ल्यायको छ भने महिला हिंसा न्यूनीकरणको लागि सेफहाउस संचालन भईरहेको छ। गाउँपालिकाले नागरिकको सहजता र महिलाहरुको स्वास्थ्यमा धुँवाको असरलाई न्यूनिकरणको लागि बिद्युत्तिय चुलो वितरणका कार्यक्रम संचालन गरिरहेको छ।

गाउँपालिकाले दीगो विकास लक्ष्य, विपद् तथा जलवायू उत्थानशीलतालाई स्थानीयकरण गरी यसलाई मूर्तरुप दिनुपर्ने देखिन्छ। सहभागीतामूलक ढंगबाट योजना तर्जुमा र कार्यान्वयन गर्ने प्रणाली अवलम्बन गरी योजना तथा कार्यक्रमहरुको सुपरिवेक्षण तथा अनुगमन कार्यलाई थप प्रभावकारी बनाउनुपर्ने देखिन्छ। स्थानीय सामुदायिक संस्थाहरुको परिचालन गरि समुदायलाई परिचालन गर्ने काममा अगाडि लगाउने र समुदायले गर्ने अनुगमनलाई प्रभावकारी बनाउदै अनुगमन तथा मूल्याङ्कनलाई समयबद्ध र सूचकमा आधारित बनाउनु पर्ने देखिन्छ। राजस्व व्यवस्थापनमा नदिजन्य पदार्थको व्यवस्थापनलाई व्यवहारिक र व्यवस्थित बनाउनु पर्ने छ। अर्थपूर्ण जनसहभागीता बढाउनु पर्ने, गाउँपालिका तथा वडामा सामाजिक जवाफदेहीता प्रवर्द्धन गर्ने क्रियाकलापहरु नियमित गर्नुपर्ने देखिन्छ। साथै लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) को विश्लेषण गरी लैससासमैत्री संरचना तथा कार्यक्रम कार्यान्वयन गर्नुका साथै शाखागत समन्वय तथा शाखालाई पूर्ण जिम्मेवारी दिन सकिएमा गाउँपालिकाको कार्य अझै प्रभावकारी हुने देखिन्छ। अर्कोतर्फ बालमैत्री, पोषणमैत्री गाउँपालिका निर्माणका आधारहरु तयार गर्नुपर्ने देखिन्छ। सामाजिक परीक्षणका क्रममा प्राप्त अभिमत, अध्ययन तथा तथ्याङ्कका आधारमा गाउँपालिकाले कार्यक्रम कार्यान्वयनको क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गरेको निष्कर्ष निकालिएको छ।

उल्लेखनीय उपलब्धिहरूका बाबजुद गाउँपालिकाले केही संरचनागत तथा कार्यान्वयनगत चुनौतीहरू सामना गरिरहेको देखिन्छ। विशेषगरी समुदाय परिचालन, अर्थपूर्ण जनसहभागिता तथा सामाजिक जवाफदेहितासम्बन्धी गतिविधिहरूलाई अझ प्रभावकारी बनाउन आवश्यक देखिएको छ। योजना तथा कार्यक्रमहरूको सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सूचकमा आधारित, समयबद्ध तथा परिणाममुखी बनाउनुपर्ने आवश्यकता देखिएको छ।राजस्व व्यवस्थापनअन्तर्गत

नदिजन्य पदार्थको व्यवस्थापनलाई व्यवहारिक तथा व्यवस्थित बनाउनुपर्ने चुनौती रहेको छ। शाखागत समन्वय, जिम्मेवारी हस्तान्तरण तथा संस्थागत क्षमता विकासमा थप सुधार आवश्यक देखिएको छ। त्यस्तै, दीगो विकास लक्ष्य, विपद् व्यवस्थापन तथा जलवायु उत्थानशीलतालाई स्थानीयकरण गरी कार्यक्रम कार्यान्वयनमा समावेश गर्ने पक्ष अझ सुदृढ गर्नुपर्ने आवश्यकता रहेको छ।सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ तथा सामाजिक जवाफदेहितासम्बन्धी अभ्यासहरू नियमित भए तापनि ती गतिविधिहरूलाई अझ प्रभावकारी, संस्थागत तथा नागरिकमैत्री बनाउनु आवश्यक देखिएको छ।

गाउँपालिकाले सामाजिक तथा आर्थिक विकासलाई थप प्रभावकारी बनाउन सामाजिक क्षेत्रमा लगानी वृद्धि गर्दै नतिजामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ। गैरसरकारी संस्था, निजी क्षेत्र तथा स्थानीय समुदायबीच साझेदारी र सहकार्यलाई थप सुदृढ गर्न आवश्यक छ। योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रियालाई थप सहभागितामूलक बनाउँदै स्थानीय समुदाय तथा सामुदायिक संस्थाहरूको सक्रिय परिचालन गर्नुपर्ने आवश्यकता देखिएको छ।अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नियमित, सूचकमा आधारित तथा उत्तरदायी बनाउनुका साथै सामाजिक जवाफदेहिता अभिवृद्धि गर्ने क्रियाकलापहरूलाई कार्यविधि निर्माण गरी नियमित रूपमा सञ्चालन गर्नुपर्ने देखिन्छ। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) विश्लेषणका आधारमा लैससासमैत्री कार्यक्रम तथा संरचना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ।त्यसैगरी, बालमैत्री तथा पोषणमैत्री गाउँपालिका निर्माण, प्रविधिमैत्री सेवा प्रवाह विस्तार, स्थानीय स्रोतसाधनको प्रभावकारी व्यवस्थापन तथा शाखागत समन्वयलाई सुदृढ गर्दै सेवा प्रवाहलाई अझ सरल, सहज तथा प्रभावकारी बनाउनु आवश्यक देखिन्छ।

अन्तमा, सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट अध्ययन पश्चात् सम्पूर्ण सरोकारवाला सहितको उपस्थितिमा वृहत छलफल गरि सो छलफलबाट प्राप्त सुझावहरुलाई पनि समेटि अन्तिम प्रतिवेदन तयार गरिएको छ। यसरी स्थानीय तहबाट भएका कामहरूले सामाजिक उपलब्धि कति हासिल भए सोको विश्लेषणबाट प्रभावसम्मको अवस्थाको आंकलन गर्न गरिएको सामाजिक परीक्षण निकै प्रभावकारी भएको देखिन्छ। स्थानीय सरकारको समग्र सामाजिक उत्तरदायित्व परीक्षणको अभ्यास नौलो भएकाले अनुशिक्षण, तालिम, प्रचारप्रसार र समय सापेक्ष सुधारको आवश्यकता रहेको देखिन्छ। साथै, सामाजिक परीक्षणलाई थप अनुसन्धानमूलक, सहभागितामूलक तथा प्रमाण—आधारित बनाउँदै प्राप्त सुझावहरूको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने देखिन्छ।

# विषयसूचि

**कार्यकारी सारांश** ... 3
**अध्याय-१ सामाजिक परीक्षणको परिचय** ... 7
१.१. पृष्ठभूमि ... 7
१.२. सामाजिक परीक्षणको उद्देश्य ... 8
१.३. सामाजिक लेखापरीक्षणको क्षेत्र ... 9
१.४. सामाजिक लेखापरीक्षण विधि ... 9
१.५ अध्ययनको सीमा ... 12
१.६ विषयगत शाखाहरुसंगको छलफल, अनुगमनको विवरण ... 12
**अध्याय-२ बबई गाउँपालिकाको नीति तथा कार्यक्रमहरु** ... 14
२.१ बबई गाउँपालिकाको परिचय ... 14
२.२ गाउँपालिकाको प्राथमिकता तथा लक्ष्यहरु ... 15
२.३ गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रमका उद्देश्यहरू ... 15
२.४ गाउँपालिकाको प्राथमिकताहरु ... 16
२.५ गत वर्षको मुख्य उपलब्धीहरु ... 17
२.६ यस वर्षको मुख्य उपलब्धीहरु ... 17
**अध्याय-३ सामाजिक जिम्मेवारी र कार्यसम्पादनको लेखाजोखा** ... 19
३.१ सामाजिक परीक्षणबाट देखिएका सवल पक्षहरू ... 19
३.२ सेवा प्रवाहको क्रममा सामना गरिएका समस्याहरू ... 21
३.३ सामाजिक जिम्मेवारी र कार्यसम्पादनको लेखाजोखा ... 22
३.४. योजनाको मूल्यांकन तथा प्रभाव विश्लेषण ... 34
३.५ विद्यमान चुनौती, संस्थागत कमजोरी, सामाजिक उत्तरदायित्व तथा सुधारात्मक सुझावहरू ... 39
३.६ जिम्मेवारीको क्षेत्र अनुसार चाल्नुपर्ने कदम वा सुझावहरु ... 46
**४. निष्कर्ष** ... 50
अनुसूची—१ः सन्दर्भ सामग्रीहरू ... 51
अनुसूचि २ सामाजिक परीक्षणका क्रममा लिईएका फोटोहरु ... 52

# अध्याय-१ सामाजिक परीक्षणको परिचय

## १.१. पृष्ठभूमि

नगरपालिका र गाउँपालिका जनतासँग प्रत्यक्ष रूपमा जोडिएको सबैभन्दा नजिकको सरकारका रूपमा स्थानीय सरकारको भूमिका निर्वाह गर्छन्। यिनले स्थानीय तहमा नागरिकसँग प्रत्यक्ष सम्पर्कमा रही संविधान र प्रचलित कानुनी प्रावधानद्वारा निर्धारित अधिकार र दायित्वका आधारमा सेवा प्रवाह गर्दछन्। नेपालको सन्दर्भमा गाउँपालिका तथा नगरपालिका दुवै नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा यस अन्तर्गत जारी गरिएका नियमावलीहरूको अधीनमा रही प्रशासनिक तथा विकासात्मक कार्य सम्पादन गर्छन्। साथै, यी स्थानीय तहहरूलाई संविधान तथा सम्बन्धित कानुनको परिधिभित्र रही आवश्यक कानुन, नीति तथा नियमावली निर्माण गर्ने वैधानिक अधिकार समेत प्रदान गरिएको छ। नेपालको संविधानले गाउँपालिकाको सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउने स्पष्ट परिकल्पना गरेको छ। सोही अनुरूप, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पनि गाउँपालिकाको योजना पहिचानदेखि लाभ तथा प्रतिफल वितरणसम्मका सम्पूर्ण चरणमा नागरिकको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्ने व्यवस्था गरेको छ।

गाउँपालिकाले निर्माण गरेका नीति, योजना तथा कार्यक्रमहरूको कार्यान्वयन प्रक्रिया, प्राप्त उपलब्धि तथा त्यसले पारेको आर्थिक—सामाजिक प्रभावको मूल्याङ्कनमार्फत नीति, योजना र सेवा प्रवाह प्रक्रियामा आवश्यक सुधार गर्नु अनिवार्य हुन्छ। सार्वजनिक कोषको प्रभावकारी र अधिकतम उपयोग गर्दै अपेक्षित उद्देश्य प्राप्तिको सुनिश्चितता गर्न तथा जनप्रतिनिधि र कर्मचारीलाई थप जिम्मेवार बनाउँदै सार्वजनिक जवाफदेहिता अभिवृद्धि गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ को उपदफा (५) ले गाउँपालिका तथा नगरपालिकालाई प्रत्येक वर्ष कम्तीमा एकपटक सामाजिक परीक्षण (Social Audit) गर्नुपर्ने व्यवस्था गरेको छ, जसको उद्देश्य सार्वजनिक सेवा प्रवाहलाई अझ पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउनु हो। गाउँपालिका जनतासँग प्रत्यक्ष रूपमा नजिक रही सेवा प्रवाह गर्ने स्थानीय सरकार भएकाले यसले सम्पादन गर्ने सम्पूर्ण कार्य तथा निर्णय प्रक्रियामा पारदर्शिता अभिवृद्धि, सेवाग्राहीप्रति जवाफदेहिता सुदृढीकरण र सुशासन प्रवर्द्धनलाई प्राथमिकतामा राख्दै विभिन्न नीतिगत तथा संस्थागत उपायहरू अवलम्बन गर्दै आएको छ। सोही सन्दर्भमा आगामी दिनहरूमा स्थानीय तहमा सम्पन्न भएका कार्यहरूको अवस्था, प्रभावकारिता तथा सुधार आवश्यक पक्षहरूबारे नागरिकबाट प्राप्त सुझावलाई समेट्दै सामाजिक उत्तरदायित्व बहन गर्न गाउँपालिकाले विभिन्न सहभागितामूलक विधिहरू अपनाउँदै आएको छ, जसअन्तर्गत सामाजिक परीक्षण (Social Audit) एक महत्वपूर्ण उपकरणका रूपमा स्थापित छ।

बुह्रान इन्कर्पोरेसन प्रा. लि. (Buhran Incorporation Pvt.Ltd) एक अध्ययन—अनुसन्धानमा आधारित संस्था हो, जसले नेपालका विभिन्न समुदायहरूको सामाजिक—आर्थिक अवस्था, पहिचान,

भाषा, संस्कृति तथा सांस्कृतिक सम्पदासम्बन्धी विविध पक्षहरूमा प्रमाण—आधारित र सहभागितामूलक अध्ययन, अनुसन्धान तथा प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। यस संस्थाले विकासे कार्यक्रमहरूको योजना, कार्यान्वयन तथा परिणामको विश्लेषणका लागि बेसलाइन, मिडलाइन र इन्डलाइन अध्ययन, आवश्यकता मूल्याङ्कन, प्रभाव मूल्याङ्कन, सामाजिक मूल्याङ्कन तथा नीति विश्लेषण जस्ता विविध अनुसन्धान गतिविधिहरू सञ्चालन गर्दछ। साथै, संस्थाले सामाजिक लेखापरीक्षण, सार्वजनिक सुनुवाइ, जवाफदेहिता तथा सुशासन प्रवर्द्धनसम्बन्धी अध्ययन र सहजीकरणमार्फत स्थानीय सरकार, समुदाय तथा सरोकारवालाबीच पारदर्शिता, सहभागिता र विश्वास अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुर्‍याउँदै आएको छ। संस्थाले स्थानीय सरकार, समुदाय—आधारित संस्था तथा नागरिक समाजका प्रतिनिधिहरूको क्षमता अभिवृद्धिका लागि तालिम, अभिमुखीकरण, कार्यशाला तथा ज्ञान—साझेदारी कार्यक्रमहरू सञ्चालन गर्दै सुशासन, सामाजिक उत्तरदायित्व, समावेशी विकास र अधिकार—आधारित दृष्टिकोणलाई सुदृढीकरण गर्ने कार्यमा सक्रिय भूमिका निर्वाह गर्दै आएको छ।

यसै सन्दर्भमा, बबई गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ मा तर्जुमा गरेको नीति, योजना, कार्यक्रम तथा आयोजनाहरूको कार्यान्वयन र सेवा प्रवाहले गाउँवासीको सामाजिक—आर्थिक विकासमा पुर्‍याएको समग्र योगदान तथा उपलब्धिको लेखाजोखा एवं विश्लेषण गर्ने तथा आगामी दिनहरूमा सामाजिक क्षेत्रका योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रक्रियालाई अझ सहभागितामूलक, पारदर्शी, नतिजामूलक तथा प्रभावकारी बनाउन सहयोग पुर्‍याउने उद्देश्य अनुरूप सामाजिक परीक्षण कार्यक्रम सञ्चालन गरी प्रतिवेदन तयार गरिएको हो।

## १.२. सामाजिक परीक्षणको उद्देश्य

बबई गाउँपालिकाको एक आर्थिक (आर्थिक वर्ष २०८१/०८२) वर्षको समग्र सामाजिक उत्तरदायित्व परीक्षण (लेखाजोखा) गर्नु यस सामाजिक परीक्षणको मुख्य उद्देश्य हो। सामाजिक परीक्षण संचालनको विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका छन्।

क) बबई गाउँपालिकाले संचालन गरेका कार्यक्रमहरुको लक्ष्य, उद्देश्य, बजेट आम्दानी र यसबाट प्राप्त सामाजिक उपलब्धीहरुको विश्लेषण गर्ने।

ख) गाउँपालिकाद्वारा संचालित कार्यक्रम, योजनाले ल्याएको सामाजिक उपलब्धि र संस्थागत क्षमता आदिको लेखाजोखा गरी पृष्ठपोषण प्रदान गर्ने।

ग) गाउँपालिकालाई कार्यक्रम संचालन गर्दा प्राप्त चुनौती, उपलब्धि, सिकाई र श्रोतसाधनको सहि उपयोग गर्न पृष्ठपोषण दिने।

घ) सेवा प्रवाहमा देखिएका समस्या र सुधारका क्षेत्र पहिचान गर्ने।

## १.३. सामाजिक लेखापरीक्षणको क्षेत्र

बबई गाउँपालिकाको आर्थिक वर्ष (२०८१/०८२) को सामाजिक परीक्षण अन्तर्गत निम्न क्षेत्रहरू समेटिएको थियो। आर्थिक वर्ष २०८१/०८२ को;

क) वार्षिक योजना तथा बजेट।

ख) विकास निर्माणका कार्यक्रमहरू।


ग) सामाजिक सेवा (शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा आदि)।

घ) समावेशिता, लैङ्गिक तथा सामाजिक न्याय।

ङ) सार्वजनिक सुनुवाइ तथा गुनासो व्यवस्थापन प्रणाली।

## १.४. सामाजिक लेखापरीक्षण विधि

सामाजिक सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट देहायका विधिहरू गरी सम्पन्न गरीएको छ।




*चित्र १ सामाजिक लेखापरीक्षण विधि*

### १.४.१. सन्दर्भ सामग्रीको अध्ययन

सामाजिक परीक्षकले बबई गाउँपालिकाको आवधिक तथा वार्षिक कार्यक्रम, लक्ष्य, प्राथमिकता, कार्यपालिकाका निर्णय, नीतिगत व्यवस्था र कार्यक्रम, सामाजिक उपलब्धि, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना, नागरिक वडापत्र, सार्वजनिक परीक्षण सम्बन्धी स्थानीय नीति र प्रतिवेदन, सार्वजनिक सुनुवाई प्रतिवेदन, वार्षिक प्रगती प्रतिवेदन तथा अन्य आवश्यक सामाग्रीको अध्ययन तथा अभिलेखन गरिएको थियो।

### १.४.२. अभिमुखीकरण र विस्तृत कार्ययोजना निर्माण

सामाजिक परीक्षणका सैद्धान्तिक पक्ष र कार्यविधिको जानकारी, प्रयोग, सामाजिक परीक्षण विधि तथा प्रक्रिया समेत जनप्रतिनिधि, कर्मचारी, विषयगत समिति संयोजक, वडा अध्यक्ष, कार्यपालिका सदस्य हरुलाई पालिका, समबन्धीत वडा कार्यालय र समुदाय तहमा जानकारी दिदै अभिमुखिकरण गरिएको थियो भने उनिहरुसंग बसि केहि सम्बन्धीत पालिका र वडा कार्यालयले छनौट गरेका र केहि सामाजिक परिक्षकले छनोट गरेका योजना तथा क्रियाकलापहरुमा पुगी छलफल गर्ने गरि कार्ययोजना तयार गरिएको थियो ।

### १.४.३. मुख्य सूचकसँग अन्तरवार्ता

सामाजिक परीक्षणको विधि तथा प्रक्रिया र तोकिएका सूचकहरूका आधारमा परामर्शदाताले आवश्यकता अनुसार गाउँपालिकाको जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत, विभिन्न शाखा प्रमुख तथा सम्बन्धित कर्मचारीहरु, विषयगत शाखा प्रमुखसँग अर्धसंरचित अन्तरवार्ताबाट सूचना तथा तथ्याङ्क संकलन गरिएको थियो भने साथै अपुग सूचना तथा तथ्यांकहरु पनि समयसमयमा कार्यालयमा शाखा प्रमूखहरु संग भेटघाट र छलफल गर्दै लिने काम गरिएको थियो ।

### १.४.४. सेवाग्राही तथा समुदायसँग समूह छलफल र अवलोकन

सामाजिक परीक्षणका लागि तोकिएका सूचकहरु तथा सन्दर्भ सामग्रीहरुको अध्ययनको आधारमा समूह छलफल (लक्षित समूह, उपभोक्ता समूह र समिति तथा सेवाग्राही) गरिएको थियो। साथै गत आ.व. मा गाउँपालिका बाट संचालित विभिन्न योजना र क्रियाकलापहरुको स्थलगत अवलोकन, अध्ययन, अन्तरक्रिया र अभिमत संकलन गरि राय, प्रतिक्रिया र सुझाव प्राप्त गरियको थियो ।

### १.४.५. सामाजिक परीक्षण प्रतिवेदन मस्यौदा लेखन

विभिन्न विधिबाट प्राप्त सूचनाहरुलाई एकत्रीत गर्ने काम भयो। साथै उक्त सूचनाहरुलाई संविधान, ऐन, नीति, कार्यविधि र योजनामा भएको व्यवस्थासंग

तुलना सहितको विश्लेषण गर्दै सार्वजनिक जवाफदेहीता प्रवर्द्धन सम्बन्धी कार्यविधि २०७७ को अनुसूची–५, ६ बमोजिमको प्रारम्भीक प्रतिवेदन र अनुसूची–९ बमोजिमको अन्तिम सामाजिक परीक्षण मश्यौदा प्रतिवेदन लेखन गर्ने कार्य गरिएको थियो।

### १.४.६. प्रारम्भिक प्रतिवेदन प्रस्तुती र छलफल

गाउँपालिकाद्वारा आयोजित कार्यपालिका बैठकमा अन्य सरोकारवालालाई आमन्त्रण गरि प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरिएको थियो। सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुती कार्यक्रममा पालिकाका प्रमुख सरोकारवालाहरू तथा जनप्रतिनिधि, नागरिक समाज, कर्मचारी, लक्षित वर्ग, बालवालिका, महिला प्रतिनिधि, स्थानीय गैसस, राजनतिक दल, बुद्धिजीवी लगायतसँग अन्तरक्रियाका लागि सूचनाद्वारा आह्वान गरिएको थियो। उक्त कार्यक्रममा निम्नानुसारको प्रस्तुतीकरण गरिएको थियो

क) कार्यक्रम औपचारीकरुपमा गाउँपालिकाका अध्यक्षको अध्यक्षतामा बसेको थियो। स्वागत मन्तव्यबाट सुरु भएको कार्यक्रममा प्रारम्भमा सहभागीहरूलाई कार्यक्रमको उद्देश्य, संचालनविधि, समय र आचारसंहिताबारे जानकारी प्रदान गरिएको थियो।

ख) सामाजिक परीक्षकबाट सामाजिक परिक्षणको कानुनी आधारसहित कार्यविधिको अनुसूची–५ बमोजिमको ढाँचामा तयार गरिएको विवरण प्रस्तुत गरिएको थियो।

ग) प्रतिवेदन कार्यक्रममा विवरण प्रस्तुत भएपछि खुला छलफलको माध्यमबाट सहभागीहरूको प्रतिक्रिया तथा सुझाव संकलन गरिएको थियो।

घ) सहभागीहरुबाट उठेका बिषय-वस्तुलाई टिपोट गरिएको थियो भने आगामी दिनमा यसको कार्यान्वयन बारे जोड दिईएको थियो।

ङ) सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुतीमा उठेका विषयवस्तुहरू सामाजिक परीक्षकबाट अन्तिम प्रतिवेदनमा समावेश गरिएको छ।

### १.४.७. अन्तिम प्रतिवेदन पेश

सहभागीबाट प्राप्त सुझावहरुलाई समेटी सामाजिक परीक्षकद्वारा सामाजिक परीक्षण प्रतिवेदन सार्वजनिक जवाफदेहीता प्रवर्द्धन सम्बन्धी कार्यविधि २०७७ को अनुसूची–९ अनुसार गाउँपालिका प्रमुख समक्ष पेश गरिएको थियो।

## १.५ अध्ययनको सीमा

सामाजिक परीक्षणका क्रममा गाउँपालिका, वडा तथा समुदाय तहमा पुगेर विभिन्न सरोकारवालाहरूसँग छलफल, अन्तर्वार्ता तथा अन्तरक्रिया सञ्चालन गर्नुका साथै सम्बन्धित दस्तावेजहरूको अध्ययन तथा विश्लेषणमार्फत आवश्यक सूचना तथा तथ्याङ्क संकलन गरिएको थियो। सूचना संकलनका क्रममा प्राप्त केही सूचनाहरूको वैज्ञानिक तथा प्राविधिक रूपमा पूर्ण पुष्ट्याइ हुन नसक्ने अवस्था पनि रहेको हुन सक्छ। तथापि, प्रश्नावलीमार्फत प्राप्त जानकारी, विभिन्न दस्तावेजहरूको अध्ययन, सरोकारवालासँगको छलफल तथा स्थलगत अवलोकनबाट प्राप्त तथ्यहरूलाई विश्लेषण गरी यो सामाजिक परीक्षण प्रतिवेदन तयार पारिएको हो। बबई गाउँपालिकामा सञ्चालन गरिएको सामाजिक परीक्षणका सीमाहरू निम्नानुसार रहेका छन्।

क) नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन २०७४ को मर्म बमोजिम गाउँपालिकाले गरेको विकास आयोजनामा जनसहभागिताको स्थितिको मात्र अध्ययन गरिएको छ।

ख) सेवा प्रवाहको लागि गाउँपालिकाले गरेका नीतिगत निर्णय र कार्य प्रकृयाले पारेको प्रभावका बारेमा अध्ययन गरिएको छ।

ग) श्रोत साधन र सूचनाको कमीका कारण सामाजिक परीक्षणको क्रममा अन्तरवार्ता, समूहगत छलफल, स्थलगत अवलोकन, अध्ययन तथा सर्वेक्षण गर्दा आवश्यक व्यक्ति समूह र आयोजना तथा कार्यक्रमलाई व्यापक र सघन रुपमा अध्ययन तथा विश्लेषण गर्न सकिएको छैन।

घ) तर पनि प्रतिनिधिमूलक रुपमा सामाजिक क्षेत्रका आयोजना तथा कार्यक्रम, सेवा प्रवाहमा विशेष जोड दिइएको छ ।

## १.६ विषयगत शाखाहरुसंगको छलफल, अनुगमनको विवरण

सामाजिक परीक्षण कार्यका लागि सम्झौता सम्पन्न भएपछि गाउँपालिकाबाट प्राप्त विभिन्न कागजात, प्रतिवेदन, नीति, योजना तथा कार्यक्रमसम्बन्धी दस्तावेजहरूको अध्ययन गरिएको थियो। उक्त अध्ययनका आधारमा गाउँपालिकाअन्तर्गत रहेका विभिन्न शाखाहरूसँग अन्तर्वार्ता तथा छलफल कार्यक्रम सञ्चालन गरिएको थियो। आवश्यक शाखाहरूसँग छलफल सम्पन्न भएपछि गाउँपालिकाभित्र रहेका सबै वडा कार्यालयहरूमा पुगेर सम्बन्धित जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवालाहरूसँग समेत अन्तरक्रिया तथा छलफल गरिएको थियो। आर्थिक वर्ष २०८१/०८२ मा सञ्चालन भएका विभिन्न योजना, कार्यक्रम तथा क्रियाकलापहरूको सूचीबाट सबै क्षेत्र समेटिने गरी अनुगमन गरिने योजना तथा क्रियाकलापहरूको सूची तयार गरिएको थियो। वडा कार्यालयहरूको समन्वयमा उक्त योजना तथा कार्यक्रमहरूको स्थलगत अनुगमन कार्य अगाडि बढाइएको थियो । अनुगमनका क्रममा विभिन्न योजना उपभोक्ता समिति, समूह तथा घरपरिवारसँग छलफल, अन्तरक्रिया तथा

अन्तर्वार्तामार्फत सामाजिक परीक्षणका लागि आवश्यक सूचना तथा तथ्याङ्क संकलन गरिएको थियो, जसको विवरण (अनुसूची—५) प्रस्तुत गरिएको छ।

सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७७ को अनुसूची—५ र ६ अनुसार तयार गरिएको प्रतिवेदन गाउँपालिकाद्वारा आयोजित कार्यपालिका बैठकमा पेश गरी विस्तृत छलफल गरिएको थियो। उक्त छलफल कार्यक्रम मिति २०८३ जेठ १६ गते गाउँपालिकाको सभाहलमा सञ्चालन गरिएको थियो। गरिएका क्रियाकालपको सूचि तल दिएको छ।

| मिति | क्रियाकलाप | स्थान |
|---|---|---|
| २०८२ चैत्र २० | बिभिन्न शाखाहरुसंग समन्वयात्मक छलफल र कार्ययोजना निर्माण | गाउँपालिकाको कार्यालय |
| २०८२ चैत्र २६ | महिला तथा बालबालिका शाखा र रोजगार शाखामा छलफल | गाउँपालिकाको कार्यालय |
| २०८२ चैत्र २७ | वडा नं. ६ र ७ को कार्यालयमा छलफल | वडा नं. ६ र ७ को कार्यालय |
| २०८२ चैत्र २८ | वडा नं. ४ र वडा नं. २ को कार्यालयमा छलफल | वडा नं. ४ र २ को कार्यालय |
| २०८२ चैत्र ३० | •वडा नं. ५ मा छलफल | वडा नं. ५ को कार्यालय |
| | •चन्द्र नगर नहर सिचाई योजना | वडा नं. ४ सुर्यनगर |
| | •सुन्दरखाल खानेपानी ईन्टेक निर्माण योजना | वडा नं. ४ सुन्दरखाल |
| २०८३ बैशाख २ | •आधारभूत स्वास्थ्य केन्द्र | वडा नं. ७ चरकमटिया |
| | •मठयौरी सिचाई कुलो निर्माण योजना | वडा नं. ७ मठयौरी |
| | •सम्झना कृषक समुह | वडा नं. ७ मठयौरी |
| २०८३ बैशाख ३ | •राम बहादुर वलीको घर देखि बिर ब वलीको घरसम्म नहर निर्माण योजना | वडा नं. २ |
| | •बिसौनीडाडा आधारभूत स्वास्थ्य ईकाइ | वडा नं. २ |
| | •वडा नं. ३ को कार्यालय | वडा नं. ३ |
| २०८३ बैशाख ५ | •तल्लो बगरपुर भित्री नाला निर्माण योजना | वडा नं. ५ |
| | •प्रगतीशिल कृषि महिला समुह | वडा नं. १ |
| | •वडा नं. १ को कार्यालय | वडा नं. १ को कार्यालय |
| | •गगटे स्वास्थ्य संस्था | वडा नं. १ |
| | •मा.बि. गगटे | वडा नं. १ |
| २०८३ बैशाख २० | •स्वास्थ्य शाखा, | गाउँपालिकाको कार्यालय |
| | •कृषि शाखा, | |
| | •पशु सेवा शाखा | |
| २०८३ बैशाख २४ | •लघुउद्यम शाखा | गाउँपालिकाको कार्यालय |
| | •सुरक्षित आप्रबासन शाखा | |
| | •शिक्षा शाखा, शहकारी शाखा | |
| २०८३ बैशाख २५ | •विपद् व्यबस्थापन शाखा | गाउँपालिकाको कार्यालय |
| | •पंजिकरण शाखा | |
| | •सुचना प्रबिधि शाखा | |
| | •प्राबिधिक शाखा | |

# अध्याय-२ बबई गाउँपालिकाको नीति तथा कार्यक्रमहरु

## २.१ बबई गाउँपालिकाको परिचय

संघीय गणतन्त्र नेपालको लुम्बिनी प्रदेश अन्तर्गत दाङ जिल्लाका दशवटा पालिकाहरुमध्ये बबई गाउँपालिका जिल्लाको सबै भन्दा पश्चिममा रहेको एक पालिका हो। भौगोलिक दृष्टिकोणले वडा नं १ को गँगटे र वडा नं. ७ को मलै क्षेत्र बाहेक अरु सबै भू-भाग समथर र सुगम रहेका छन्। पूर्वमा शान्तिनगर गाउँपालिका पश्चिममा बाँके र उत्तरमा सल्यान जिल्ला र दक्षिणमा दंगीशरण गाउँपालिका र बाँके जिल्ला रहेको छ।साविकका पुरन्धारा र पञ्चकुले गा.वि.स. समायोजनभई यस गाउँपालिकाको निर्माण भएको हो। यस गाउँपालिकाको कुल क्षेत्रफल २५७. ४७ वर्ग किलोमिटर रहेको छ। २०७८ सालको जनगणना अनुसार यहाँको कुल जनसंख्या ३०९८६ र कुल घरधुरी ७५२७ रहेको छ। यस पालिका समुद्र सतहदेखि ६७६ मीटर उचाइमा रहेको छ। यस गाउँपालिकाको कूल साक्षरता दर ७८.१ प्रतिशत रहेको छ। यस गाउँ कार्यपालिकाको कार्यालय हापुरेमा रहेको छ। यस गाउँपालिकामा ७ वटा वडा रहेका छन्।

यस गाउँपालिकामा ब्राह्मण, क्षेत्री, मगर, थारु, दलित लगायतका जातीको बाहुल्यता रहेको छ। यस गाउँपालिकाका मुख्य भाषा नेपाली, थारु र मगर रहेका छ। यस गाउँपालिकाका पुरन्धारा झरना, धागे छहरा, गौरी शंकर शिवालय मन्दिर र चिसापानी मन्दिर प्रमुख पर्यटकीय स्थलहरु हुन्। यस गाउँपालिका पठनपाठनको लागि आधारभूत देखि उच्च शिक्षासम्म प्रदान गर्ने शैक्षिक संस्थाहरुमा प्रा.वि २२, नि.मा.वि. ६, मा.वि. ६ गरी जम्मा ३४ वटा सामुदायिक शिक्षण संस्थाहरु रहेका छन् भने संस्थागत विद्यालयतर्फ प्रा.वि. ३, आ.वि. ३ र मा.वि. ३ गरी जम्मा ९ वटा रहेका छन्। यस बबई गाउँपालिकामा २ वटा अस्पताल १ वटा स्वास्थ्य चौकी र ५ वटा स्वास्थ्य केन्द्र, २ वटा इलाका प्रहरी र १ प्रहरी चौकी, १ वटा अस्थायी प्रहरी पोष्ट र १ वटा क्याम्पस रहेका छन् भने सबै वडामा साना ठुला गरि ३७ वटा मन्दिर तथा धार्मिक प्रतिष्ठान रहेकाछन।

यस पालिकाको विच भागवाट तुल्सीपुर सुर्खेत रोड मार्ग छ भने हापुरे बबरपुर गंगटे हुदै कोहलपुर जोडने सडक निर्माणधीन अवस्थामा छ। यस पालिकामा अव्यवस्थित वसोवास र राष्ट्रिय निकुन्ज मध्यवर्ति क्षेत्र भित्रका बस्तीहरु विशेष चुनौतीको रुपमा रहेका छन्। स्थानीय बासिन्दाको आम्दानीको अर्को मुख्य स्रोतको रुपमा वैदेशिक रोजगारी रहेको छ भने स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम बढिरहेको छ। विभिन्न समुदाय, जातजातिका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ। दशैं, तिहार, माघी, होली, महाशिवरात्रि, रामनवमी, कृष्ण जन्माष्टमी, बकरइद, आइटबारी, बुद्धजयन्ती, क्रिष्मस आदि यहाँका प्रमुख चाडपर्वको रुपमा रहेको पाइन्छ।

## २.२ गाउँपालिकाको प्राथमिकता तथा लक्ष्यहरु

यस गाउँपालिकाले ***"हाम्रो उत्पादन हाम्रो वजार समृद्धिको आधार, सन्तुलित कर अनुशासित जनता आत्मनिर्भर स्थानीय सरकार"*** भन्ने मूल नाराका साथ कार्यक्रम संचालन गरिरहेको छ। यस बबई गाउँपालिकाको सोच, उच्च आर्थिक वृद्धि सहितको समुन्नत अर्थतन्त्र, स्थानीय सीप र उत्पादनमा आधारित रोजागारीको सिर्जना गरी जीवन निर्वाहका लागि प्रयाप्त आम्दानी, आधारभूत भौतिक सुविधाको उपलब्धता, सुरक्षा र स्वच्छ वातावरण सहितको आत्मनिर्भर र समुन्नत गाउँपालिकाको रूपमा रूपान्तरण गर्नु रहेको छ। रोजगार उन्मुख सीपमूलक शिक्षाको विकास गर्नु, कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिको आधारमा बजारीकरण र व्यवसायीकरण गर्ने, कृषि उत्पादन, भण्डारण, प्रशोधन तथा बजारीकरण र कृषि सामग्रीको आपूर्ति व्यवस्थापनमा सहकारी संस्थाहरूलाई प्रोत्साहन गर्ने, पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत लाभ-विश्लेषणका आंधारमा उच्च नतिजा एवं प्रतिफल दिने, पिछडिएका र कम विकसित, समतामुलक विकासको आधारको रुपमा रहन सहयोग गर्ने, आयोजनाहरु पहिचान गरी आयोजना बैंक तयार गर्ने जस्ता कार्यहरुलाई प्राथमिकतामा राखेको छ। बबई गाउँपालिकाको लक्ष्य "*सामाजिक समावेशीकरणमा आधारित समाजवादी अर्थतन्त्र, सामाजिक न्याय, कानूनी शासनमा आधारित सन्तुलित र दिगो विकासको माध्यमबाट उच्च आर्थिक वृद्धिदर हासिल गरी पालिकावासी जनताहरुको जीवनस्तरमा गुणात्मक रूपले परिवर्तन ल्याउनु* "रहेको छ।

## २.३ गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रमका उद्देश्यहरू

क) गुणस्तरिय शिक्षा, कृषि र पशु व्यवसायलाई बिस्तार, अन्य सीप र सशक्तिकरण कार्यकम मार्फत नागरिकलाई आत्मनिर्भर बनाउने।

ख) स्थानिय श्रोत साधन, प्रविधिको विस्तारीकरण र प्रयोगलाई जोड दिई स्थानिय मौलिकपनको विकास गर्ने।

ग) नागरिक पहुँचयूक्त सरकारको निर्माण गर्ने।

घ) समाजमा रहेको असमानता, बेरोजगारी, अन्याय र विभेदलाई अन्त्य गरि सामाजिक न्याय सहितको समृद्धी हासिल गर्ने।

ङ) सहज र सरल सेवा प्रवाह, खेलकुद र योगको माध्यमवाट स्वस्थ र अनुशासित नागरिक निर्माण गर्ने।

च) स्थानीय स्तरमा साना तथा मझौला उद्योगधन्दा मार्फत गाउँपालिकामा रोजगारी सिर्जना गर्ने।

छ) अर्थतन्त्र पुनरुत्थान गर्न आर्थिक गतिविधी एवं विकास निर्माणका कार्यक्रमलाई तीव्रता दिने।

ज) राज्यको लोक कल्याणकारी भूमिकालाई सुदृढ बनाउने, सामाजिक सुरक्षा एवं संरक्षण प्रदान गर्ने र सामाजिक न्यायसहितको समृद्धि हासिल गर्ने।

झ) स्वास्थ्य सेवामा सर्वसाधारणको पहुँच बढाउने।

ञ) कृषि क्षेत्रको सुधार गरी अर्थतन्त्रमा कृषि क्षेषको योगदान बढाउने।

ट) विकासका पूर्वाधारहरुको निर्माण र सबलीकरण गर्ने।

ठ) स्थानीय उत्पादन, रोजगारी तथा आय आर्जनमा दिगो वृद्धि गर्ने।

ड) कम लागतमा बढी प्रतिफल दिने दिगो विकासका पूर्वाधारहरु निर्माण गर्ने।

ढ) स्वस्थ, सृजनशिल, शिक्षित तथा सिपयुक्त मानव संशाधनको विकास गर्ने।

ण) गाउँपालिका भित्र उत्पादित वस्तुहरुको बजार सम्मको पहुँच सुनिश्चित गर्ने।

त) वन, जैविक विविधता, जमिन र जलस्रोतको दिगो उपयोगको सुनिश्चितता गर्ने।

थ) सेवा प्रवाहलाई प्रविधिमैत्री, पारदर्शि, जवाफदेही तथा उत्तरदायी बनाउनु ।

## २.४ गाउँपालिकाको प्राथमिकताहरु

लक्ष्य र उद्देश्यहरू प्राप्त गर्न गाउँपालिकाले निम्न प्रकारका कार्यक्रमहरुलाई वार्षिक बजेट तथा कार्यक्रम बनाउदा प्राथमिकता दिने गरेको छ।

क) कृषि क्षेवको आधूनिकीकरण तथा व्यवसायीकरण

ख) कृषि, पर्यटन र रोजगारीको विकास

ग) शिक्षा, स्वास्थ्य तथा सामाजिक सुरक्षा

घ) गुणस्तरीय भौतिक पूर्वाधार निर्माण

ङ) दिगो विकास, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन

च) स्थानीय स्रोत साधन तथा सिपको अधिकतम उपयोग

छ) जनसहभागिता परिचालन तथा लागत लाभ विश्लेषण

ज) कृषि तथा पशुपंक्षी व्यवसायमा लगानी केन्द्रीत

झ) बजेट तथा कार्यान्वयनमा क्षमता अभिवृद्धि

ञ) जीवन उपयोगी एवं सीपयुक्त शिक्षाका लागि पूर्वाधारमा लगानी

ट) संघ र प्रदेश संग समन्वय र सहकार्य मार्फत् सन्तुलित विकास

ठ) विभेद र असमानताको अन्त्य, समन्यायिक विकास र विकासका प्रतिफलमा न्यायपूर्ण पहुँच

ड) उत्तरदायी शासकीय व्यवस्था, सुशासन र सेवा प्रवाहमा प्रभावकारीता

ढ) लक्षित वर्ग एवंम उत्पादनमा अनुदानको व्यवस्थापन

ण) पालिकाका हरेक वडामा योगा तथा ध्यान केन्द्रहरुको पुर्वाधार निर्माण

त) आन्तरिक राजश्व वृद्धिका लागि पार्दशिता अवलम्बन गर्ने

## २.५ गत वर्षको मुख्य उपलब्धीहरु

यस बबई गाउँपालिकाले आ.व. २०८१-८२ मा आफ्नो वार्षिक बजेट मार्फत विभिन्न प्रकारका योजना तथा कार्यक्रमहरु संचालन गरिएको छ। गाउँपालिकाले योजना तथा कार्यक्रम संचालन मार्फत प्राप्त गरेका उपलब्धीहरुलाई बुदागतरुपमा तल उल्लेख गरिएको छ।

क) स्थानीय आर्थिक विकास मूल्याङ्कनमा नेपालकै उत्कृष्ट गाउँपालिका बन्न सफल।

ख) गुणस्तर परीक्षण पश्चात स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको प्राप्ताङ्क ८५.७५ राख्न सफल।

ग) स्थानीय तहको वित्तीय सुशासन जोखिम मूल्याङ्कनको प्राप्ताङ्क ८५.५ र मन्त्रालयले तयार गरेको स्थानीय तहको प्रगति अनुगमन प्रणालीमा विवरण प्रविष्टी गर्न सफल भएको।

घ) स्थानीय सड्क कालोपत्रे जम्मा २.५७ कि.मी.

ङ) स्थानीय सडक ग्राभेल तथा स्तरउन्नती जम्मा ७.४२ कि.मी

च) स्थानीय सडक नया धुले जम्मा १० कि. मि.

छ) पुल निर्माण संख्या २ वटा

ज) झोलुङ्गे पुल निर्माण २ वटा

झ) सिंचाई कुलो जम्मा ८.५ कि.मी निर्माण गरि १०० हेक्टर कृषि जमिनमा सिंचाई सुविधा उपलब्ध गराएको

ञ) एसइइ उतिर्ण दर ४७.७६ प्रतिशत रहेको

ट) आधारभूत तहको खानेपानी ९० प्रतिशत घरधुरीमा पुगेको

ठ) आधारभूत तहको सरसफाई ९० प्रतिशत घरधुरीमा पुगेको

ड) सूचीकृत बेरोजगारको संख्या रोजगार सूचना केन्द्रमा राख्ने गरिएको जुन संख्या १३०० जना रहेको छ।

ढ) पूर्णखोप गाउँपालिका घोषणा गरिएको

ण) उज्यालो आँखा कार्यक्रमबाट लाभांवीत भएका

त) कृषि तथा पशु विकासमा आधारित युवा उद्यमशीलता परियोजना मार्फत उद्यमशीलतामा टेवा पुगेको

थ) परम्परामा आधारित सीप विकास कार्यक्रमबाट महिलाहरु लाभांवीत

द) परम्परागत बाजाको संरक्षण गरि त्यसलाई व्यवसायीक बनाउन सफल

## २.६ यस वर्षको मुख्य उपलब्धीहरु

यस आ.व. २०८२-०८३ मा गाउँपालिकाले अघिल्ला वर्षका प्रकृतिका धेरै कार्यक्रमहरुलाई निरन्तरता दिईरहेको र जुन कार्यक्रम अहिले पनि संचालन अवस्थामा रहेका छन। यस आ.व.मा सम्पादन गरिएका केहि मूख्यमूख्य कार्यक्रमहरु निम्नानुसार रहेकाछन।

क) गाउँपालिकाले सबै ८ वटै स्वास्थ्य संस्थाहरुबाट सेवा दिइरहेका।

ख) एचआईभि पिडितलाई राहत स्वरुप आर्थिक सहयोग कार्यक्रम संचालनमा रहेको।

ग) सामुदायिक विद्यालयका १०० प्रतिशत शिक्षकहरु तालिम प्राप्त रहेका।

घ) बालबालिकालाई मन्टेश्वरी विधिबाट सिकाउनको लागि बच्चाबच्चि मन्टेश्वरी कार्यक्रमहरु संचालन भईरहेको।

ङ) गाउँपालिका करिब ९० प्रतिशत नागरिकले शौचालय प्रयोग गर्ने गरेको,

च) २२ मध्य २० वटामा न्यूनतम खानेपानीको सुविधा पुगेको,

छ) सबै स्वास्थ्य संस्थाहरुमा ठोस फोहरको सुरक्षित संकलन गर्न बकेटको व्यवस्था,

ज) स्वरोजगार कार्यक्रम अन्तगत ४० जनाले १०० दिन बराबरको कामको रोजगारि प्राप्त गरिरहेका।

झ) दुग्ध संकलन केन्द्रहरुमा पशु शाखा मार्फत भवन र चिस्यान केन्द्रको लागि सामाग्री सहयोग सहयोग गरि पशुपालक कृषकहरुलाई दुधको बिक्रि वितरणमा सहजता सहित आर्कषित गरेको,

ञ) प्रांगारीक मल, गड्यौला मल बनाउने तालिमहरु संचालन गरि कृषक र प्राविधिकलाई लामो समय सम्म जोडने खालका कार्यक्रमहरु संचालन।

ट) समुदाय, विद्यालय, वडा तथा गाउँ पालिकास्तरमा बाल क्लब गठन भई कार्य गरिरहेको।

ठ) गाउँपालिकामा महिला हिंसा सम्बन्धी घटनाहरुको उजुरी कम आउने गरेको।

ड) स्वरोजगारको लागि व्यवसाय विस्तार, पसल सुधार, तरकारी खेती, नर्सरी जस्ता सीप विकासका तालिम प्रदान गरिएको।

ढ) प्रधानमन्त्री रोजगार कार्यक्रम र लघु उद्यम विकास कार्यक्रम (मेड्पा) कार्यक्रम मार्फत तालिम र रोजगारीको सिर्जना गरिएको।

ण) भौगोलिक रुपमा विकट क्षेत्र, महिला, पिछडिएका तथा सीमान्तकृत वर्गको लागि विशेष अवसरहरु प्रदान गरिएको ।

त) गाउँपालिकामा जम्मा ३ हजार २ सय ३९ जनाले सामाजिक सुरक्षा भत्ता लिएको।

थ) स्थानीय सरकार, जिल्ला समन्वय समिति, प्रदेश, संघसँगको समन्वय र सहकार्यको अवस्था प्रभावकारी रहेको।

द) गाउँपालिकाको खर्चको अवस्था सन्तोषजनक रहेको।

# अध्याय-३ सामाजिक जिम्मेवारी र कार्यसम्पादनको लेखाजोखा

स्थानीय सरकारहरूले नागरिकप्रति वहन गर्नुपर्ने सामाजिक दायित्व तथा उनीहरूले कार्यान्वयन गर्ने नीति, योजना र कार्यक्रमहरूको कार्यसम्पादनको प्रभावकारिता मूल्याङ्कन गर्ने अभ्यासलाई समग्र रूपमा सामाजिक जिम्मेवारी र कार्यसम्पादनको लेखाजोखा भनिन्छ। यो प्रक्रिया पारदर्शिता, जवाफदेहिता र सुशासन प्रवर्द्धन गर्ने एक महत्वपूर्ण औजारका रूपमा स्थापित छ। यसअन्तर्गत सार्वजनिक स्रोतसाधनको उपयोग, सेवा प्रवाहको गुणस्तर, विकास कार्यक्रमहरूको परिणाम तथा नागरिक सन्तुष्टिको स्तरलाई आलोचनात्मक रूपमा परीक्षण गरिन्छ। त्यसैगरी, स्थानीय तहद्वारा सञ्चालन गरिने नीति, योजना तथा कार्यक्रमहरूको प्रभावकारिता मूल्याङ्कन, उपलब्ध स्रोतसाधनको उपयोग अवस्थाको विश्लेषण तथा सेवा प्रवाहको गुणस्तर परीक्षणमार्फत कार्यसम्पादनको वास्तविक अवस्था उजागर गरिन्छ।

## ३.१ सामाजिक परीक्षणबाट देखिएका सबल पक्षहरू

क) स्थानीय आर्थिक विकास मूल्याङ्कनमा उत्कृष्ट कार्यसम्पादन गर्दै बबई गाउँपालिका नेपालकै उत्कृष्ट गाउँपालिकामध्ये एक बन्न सफल भएको छ।

ख) गुणस्तर परीक्षणपश्चात स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनमा ८५.७५ अंक प्राप्त गर्न गाउँपालिका सफल भएको छ।

ग) मन्त्रालयद्वारा तयार गरिएको स्थानीय तह प्रगति अनुगमन प्रणालीमा समयमै विवरण प्रविष्टि गर्न सफल भएको पाइयो।

घ) बबई गाउँपालिकाले खानेपानी तथा सरसफाइ र स्वच्छता ऐन, रोजगार संवाद मञ्च सञ्चालन तथा व्यवस्थापन कार्यविधि, घर नक्सा पास तथा अभिलेखीकरण सम्बन्धी कार्यविधि, कार्यसम्पादनमा आधारित कर्मचारी प्रोत्साहन कार्यविधि तथा लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याएको छ।

ङ) गरिब परिचयपत्र वितरण कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिएको छ।

च) एचआईभी संक्रमित व्यक्तिहरूलाई आर्थिक सहयोग उपलब्ध गराइनुका साथै कुपोषित बालबालिकाका लागि दुई वटा स्वास्थ्य संस्थाबाट ओटिसी सेवा सञ्चालन गरिएको छ।

छ) बालमैत्री स्थानीय शासन तथा बालश्रममुक्त पालिका निर्माणका लागि आवश्यक आधारहरू तयार गर्ने कार्य निरन्तर रूपमा अघि बढाइएको छ।

ज) गाउँपालिका पूर्णखोप पालिका घोषणा गर्न सफल भएको छ।

झ) समय—समयमा घुम्ती शिविर सञ्चालन गरी स्थानीय तहमै सेवा प्रवाह गर्ने कार्यलाई प्राथमिकता दिइएको छ।

ञ) छात्राबास सञ्चालनमार्फत लक्षित वर्गका विद्यार्थीहरूलाई शैक्षिक पहुँच विस्तारमा सहयोग पुगेको छ।

ट) योजना तथा कार्यक्रमहरूको नियमित अनुगमन गर्ने परिपाटी विकास गरिएको छ। योजना कार्यान्वयनलाई व्यवस्थित बनाउन योजना कापीको व्यवस्था गरिएको छ।

ठ) वार्षिक शैक्षिक स्थिति प्रतिवेदन, २०८२ तयार गरी प्रकाशन गरिएको छ। बबई गाउँपालिकाले शिक्षक बैंक स्थापना गरी शैक्षिक व्यवस्थापनलाई सुदृढ बनाउन प्रयास गरेको छ।

ड) प्रविधिमैत्री शिक्षामा जोड दिँदै सोअनुरूप क्षमता विकास तथा पूर्वाधार सहयोग कार्यक्रमलाई प्राथमिकता दिइएको छ।

ढ) सेवा प्रवाहका लागि गुणस्तरीय तथा सरसफाइयुक्त भौतिक संरचनाको व्यवस्था गरिएको छ।

ण) पाँच लाख रुपैयाँभन्दा माथिका योजनाहरूमा ई—बिडिङ प्रणाली लागू गरिएको छ। वडास्तरमै पुगेर योजना सहकार्य गर्ने अभ्यासको सुरुवात गरिएको छ।

त) समन्वय तथा साझेदारीमा प्रत्येक वर्ष विशेषज्ञ सेवा सहितको स्वास्थ्य शिविर सञ्चालन गरिँदा विपन्न तथा पछाडि पारिएका वर्गलाई स्वास्थ्य उपचारमा सहजता पुगेको छ।

थ) महिला हिंसा न्यूनीकरणका लागि सेफ हाउस सञ्चालन गरिएको छ।

द) गड्यौला मल उत्पादन गर्ने कृषकहरूलाई अनुदान उपलब्ध गराउने कार्यक्रम सञ्चालन गरिएको छ।

ध) कृषकहरूको १२० वटा समूह गठन गरी समूहमार्फत कृषि कार्यक्रम सञ्चालन गर्दा विपन्न कृषकहरूलाई आफ्ना आवश्यकता तथा माग प्रस्तुत गर्न सहजता भएको छ।

न) वर्षमा कम्तीमा एक पटक सार्वजनिक सुनुवाइ गर्ने परिपाटीको सुरुवात गरिएको छ।

ऩ) विभिन्न सफ्टवेयर प्रणालीको प्रयोगमार्फत नागरिकलाई सेवा प्रवाहलाई थप प्रभावकारी बनाइएको छ। सुशासन प्रवर्द्धन गर्न विद्युतीय हाजिरी प्रणालीको व्यवस्थापन तथा प्रयोग गरिएको छ।

प) बसाइँ सरेर गाउँपालिकामा आउने परिवारहरूको संख्या वृद्धि हुनु गाउँपालिकाको सामाजिक तथा आर्थिक आकर्षणको सकारात्मक संकेतका रूपमा देखिएको छ।

फ) ज्येष्ठ नागरिक तथा हिंसा पीडित महिलालाई सम्मान गर्ने कार्यक्रमले उनीहरूको मनोबल अभिवृद्धि गर्न सहयोग पुगेको छ।

ब) परम्परागत बाजाको संरक्षण गर्दै त्यसलाई व्यावसायिक रूपमा विकास गर्ने प्रयास सफल भएको छ।

भ) मुख्य सडक क्षेत्रमा हरियाली प्रवर्द्धन गर्दै वातावरणीय सन्तुलन कायम राख्ने प्रयास गरिएको छ।

म) सबै योजनाहरूमा निरन्तर अनुगमन तथा मूल्याङ्कन गर्ने अभ्यासलाई संस्थागत गरिएको छ।

य) सेवा प्रवाहमा प्रविधिको प्रयोग बढाइएकाले प्रशासनिक कार्यहरू थप छिटो, व्यवस्थित र सेवाग्राहीमैत्री बन्न पुगेका छन्।

## ३.२ सेवा प्रवाहको क्रममा सामना गरिएका समस्याहरू

गत वर्ष बबई गाउँपालिकाले सेवा प्रवाह, कार्य सम्पादन गर्दा भोगेका समस्याहरु तल उल्लेख गरिएको छ।

क) सिकेकातालिम, अभिमुखीकरण तथा अन्य कार्यक्रममार्फत सिकेका ज्ञान, सीप तथा अनुभवहरूलाई व्यवहारमा प्रभावकारी रूपमा लागू गर्ने प्रवृत्ति न्यून रहेको पाइयो।

ख) सञ्चालन गरिएका क्रियाकलापहरूको अनुपातमा आवश्यक जनशक्ति पर्याप्त नभएका कारण कार्य सम्पादनमा विभिन्न कठिनाइहरू उत्पन्न भएका छन्।

ग) स्थानीय समुदायलाई प्रभावकारी रूपमा परिचालन गर्न नसकिएको अवस्था देखिएको छ।

घ) उपभोक्ता समिति गठन गरिए पनि कार्यको वास्तविक जिम्मेवारी अन्य व्यक्तिलाई दिने परिपाटीका कारण उपभोक्ता समितिको क्षमता विकासमा समस्या देखिएको छ।

ङ) सामुदायिक तथा साझा समस्याभन्दा व्यक्तिगत केन्द्रित माग तथा योजनाहरू बढी प्रस्तुत हुने गरेको पाइयो।

च) योजनाहरू कार्यान्वयन गर्दा आवश्यक जनश्रमदान बराबरको रकम संकलन गर्न कठिनाइ भएको छ।

छ) योजनाहरू कार्यान्वयनका क्रममा लागत इष्टिमेटअनुसार पर्याप्त बजेट विनियोजन हुन नसकेको अवस्था देखिएको छ।

ज) लागत साझेदारीमा आधारित कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्न नसकिएको पाइयो।

झ) प्रत्यक्ष रूपमा रोजगारी सिर्जना गर्ने रोजगारमूलक कार्यक्रमहरू पर्याप्त रूपमा तर्जुमा तथा कार्यान्वयन गर्न नसकिएको अवस्था छ।

ञ) सामाजिक जवाफदेहिता प्रवर्द्धन गर्ने विभिन्न विधिहरूको प्रभावकारी प्रयोग हुन नसकेको देखिएको छ।

ट) योजनाहरू समयमै कार्यान्वयन गर्न विभिन्न प्रशासनिक तथा प्राविधिक समस्याहरू देखिएका छन्।

ठ) सीप विकास, क्षमता विकास तथा सचेतनामूलक क्रियाकलापहरूमा नागरिकहरूको सहभागिता अपेक्षाकृत न्यून रहेको पाइयो।

## ३.३ सामाजिक जिम्मेवारी र कार्यसम्पादनको लेखाजोखा

| क्र.सं. | सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|---|
| १ | **स्वास्थ्य** | | | |
| १.१ | स्वास्थ्य चौकी एक घण्टा भित्र पैदल वा यातायात पहुँच भएको घरधुरी संख्या | ९५.६६ प्रतिसत | ▪ १ वटा अस्पताल, १ वटा आधारभूत प्राथमिक अस्पताल, १ वटा स्वासथ्य चौकी, ५ आधारभुत स्वास्थ्य केन्द्र गरि जम्मा ८ वटा स्वास्थ्य संस्था मार्फत सेवा प्रवाह भईरहेको। | ▪ सत प्रतिसत समुदायहरुले स्वास्थ्य सेवा प्राप्त गरिरहनु भएको,<br>▪ सरकारी स्वास्थ्य संस्था प्रति समुदायको बिश्वास बढदै गईरहेको। |
| १.२ | ५ वर्षमुनिका बालबालिकाको प्रतिशत | ८.३४ प्रतिसत | | |
| १.३ | खोपमा पहुँच भएको जनसंख्या (एक वर्षमुनिका बालबालिकाको आधारमा) | १०० प्रतिसत | <u>**प्रत्यक वर्ष**</u><br>▪ घरधुरी सर्वेक्षण<br>▪ छुट जनसंख्याको पहिचान गर्ने<br>▪ खोपमा सबैको पहँचलाई सुनिश्चीत गर्ने | ▪ पूर्ण खोप गाउँपालिका घोषणा |
| १.४ | ४ पटक गर्भवति जाँच गरिएको महिलाको संख्या (प्रतिशतमा) | ०८०-८१ मा ७१. ७७ र ०८१-८२ मा ५९. ६८ प्रतिसत | ▪ स्वयंसेविका परिचालन<br>▪ परामर्श<br>▪ सचेतनाका कार्यक्रमहरु | ▪ शिशु मृत्यूदर, बाल मृत्यूदर सुन्यमा झार्न सफल तर गत वर्ष १ जनाको मृत्यू भएको<br>▪ अधिकांस महिलाहरुले चेक गराउने गरेको |

| क्र.सं. | सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|---|
| | | | | |
| १.५ | ८ पटक गर्भवति जाँच गरिएको महिलाको संख्या (प्रतिशतमा) | ०८०-८१ मा ३२.३१ र ०८१-८२ मा ३२.४४ प्रतिसत | ▪ स्वयंसेविका परिचालन<br>▪ परामर्श<br>▪ सचेतनाका कार्यक्रमहरु | ▪ शिशु मृत्यूदर, बाल मृत्यूदर सुन्यमा झार्न सफल भऐको तर गत वर्ष १ जनाको मृत्यू भएको<br>▪ अधिकांस महिलाहरुले चेक गराउने गरेको |
| १.६ | दक्ष प्रसुतिकर्मीबाट प्रसुती गरिएका महिलाको संख्या | ०८०-८१ मा १९.३९ र ०८१-८२ मा १७.९२ प्रतिसत | ▪ स्वयंसेविका परिचालन<br>▪ परामर्श<br>▪ सचेतनाका कार्यक्रमहरु | ▪ एक जना बाहेक कुनै पनि महिलाले घरमा सुत्केरी गराएको नपाईएको |
| १.७ | कडा खालका निमोनिया भएका बालबालिकाको संख्या | शून्य | ▪ स्वयंसेविका परिचालन<br>▪ स्वास्थ्य सल्लाह सुझाव | ▪ निमोनियाको समस्या घटदो क्रममा रहेको |
| १.८ | झाडापखालाबाट मृत्य हुने बालबालिकाको संख्या | छैन | ▪ सचेतनाका कार्यक्रम निरन्तर संचालन<br>▪ प्रभावकारी स्वास्थ्य सेवा प्रदान | ▪ झाडापखालाबाट कोहि पनि मृत्यू हुन नपरेको |
| २. | **शिक्षा** | | | |
| २.१ | आधा घण्टाभित्र प्राथमिक विद्यालय नपुग्ने बालबालिकाको संख्या | | ▪ | ▪ |

| क्र.सं. | सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|---|
| २.२ | पूर्व प्राथमिक शिक्षामा खुद भर्ना दर | ०८०-८१ मा ३५० जना प्रतिशत पूर्व प्राथमिक शिक्षामा खुद भर्ना दर | | गाउँपालिकामा ०८१-८२ मा —— प्रतिसत ——प्रतिशत पूर्व प्राथमिक शिक्षामा खुद भर्ना दर रहेको देखिन्छ। |
| २.३ | प्राथमिक विद्यालयमा पहुँच नभएका सो उमेर समूहका बालबालिका संख्या वा प्रतिशत | नगन्य | ▪ | ▪ |
| २.४ | कक्षा १ मा खुद भर्नादर छात्र<br>र छात्रा | ९६.१ | ▪ | ——प्रतिसत खुद भर्नादर |
| २.५ | आधारभुत तहमा कक्षा छोड्ने<br>कक्षा दोहो¥याउने र कक्षा उत्तीर्ण हुने दर | कक्षा छोड्ने ०८०-८१ मा<br>१—५ मा ३ %,<br>६—८ मा २.९ %<br>९—१० मा १.९ % र<br>कक्षा दोहोर्याउने<br>१—५ मा ४ %,<br>६—८ मा ३.१ %, | ▪ | कक्षा छोड्ने ०८१-८२ मा<br>१—५ मा ——%,<br>६—८ मा ——%,<br>९—१० मा ——% र<br>कक्षा दोहो¥याउने<br>१—५ मा ——%<br>६—८ मा ——%<br>९—१० मा ——% रहेको । |

| क्र.सं. | सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|---|
| | | ९–१० मा ३.१ % रहेको ।<br>उतिर्ण दर<br>१–५ मा ९३ %,<br>६–८ मा ९४ %,<br>९–१० मा ९५ % रहेको । | | |
| २.६ | आधारभुत तहमा तालिम प्राप्त शिक्षक संख्या | सबैजना | ▪ | ▪ |
| २.७ | प्रति कक्षा कोठा विद्यार्थी संख्या | ०८०-८१ मा ३० जना | ▪ | ▪ ०८१-८२ मा |
| २.८ | बाह्य सहयोगमा निर्मित विद्यालय कोठा संख्या | ०८१-८२ मा ८ वटा | ▪ | ▪ |
| २.९ | स्थानीय निकायबाट निर्मित विद्यालय कोठा संख्या | छैन | | |
| २.१० | दलित बालबालिकाको शिक्षामा पहुँच | ०८०-८१ मा ८५ प्रतिशत | ▪ | |
| **३** | **खानेपानी तथा सरसफाई** | | | |

| क्र.सं. | सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|---|
| ३.१ | स्वच्छ पानी पुगेको परिवार संख्या वा प्रतिशत | ०८०-८१ मा ७५ र ०८१-८२ मा ६० प्रतिसत | स्वच्छ खानेपानीको लागि गाउँपालिकाको आफ्नै प्रयास न्यून नै देखिन्छ । | हाल सम्म ९० प्रतिसत घरधुरीमा आधारभूत तहको खानेपानीको सुविधा पुगेको देखिन्छ। धेरे जसो घरधुरीमा खानेपानीको ब्यक्तिगत धाराहरु जडान भई संचालनमा रहेका छन। |
| ३.२ | शौचालय भएको संख्या वा प्रतिशत | | स्वच्छ खानेपानीको लागि गाउँपालिकाको आफ्नै प्रयास न्यून नै देखिन्छ। | घरधुरीले शौचालयको प्रयोग गरिरहेको, वडा नं. १ केहि पछाडि रहेको। |
| ३.३ | खानेपानी सुविधा भएको प्राथमिक विद्यालय | २२ मध्य २० वटामा न्यूनतम खानेपानीको सुविधा पुगेको | २ वटामा पुगाउने प्रयास | ▪ WASH योजना निर्माण गरि कार्यान्वयनको प्रयास भईरहेको,<br>▪ समन्वय समिति गठन भएको, |
| ३.४ | सुधारिएको चुलो भएको परिवार संख्या | | गत आ.व. र यस आ.व.मा सुधारिएको चुलोको रुपमा बिधुत्तिय चुलो वितरणका कार्यक्रम संचालन भईरहेको | |
| ४ | **बालबालिका, महिला र समावेशी क्षेत्र** | | | |
| ४.१ | बाल विवाहको संख्या | कानुनी रुपमा रेकर्डमा नभएपनि बालविवाहको समस्या अधिक रहेको | ▪ महिला तथा बालबालिका शाखाबाट संचालन गरिने सबै प्रकारका कार्यक्रम तथा तालिममा यो बिषय बस्तुलाई राखे गरिएको | विगतको तुलनामा बालविवाह निरुत्साहित भएको। |

| क्र.सं. | सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|---|
| | | | ▪ विद्यालय तहमा बालबिवाह सम्बन्धी अभिमूखिकरण कार्यक्रम | |
| ४.२ | सामाजिक विकृति, बिसङ्गती | | | |
| ४.३ | सामाजिक सुरक्षा भत्ता प्राप्तीको अवस्था | प्रत्येक वर्ष बढदो क्रममा | बैंकिङ प्रणालिबाट | गाउँपालिकामा जेष्ठ नागरिक, अपांग, बालबालिका, विधवा, दलित, लोपोज्मूख जाति गरि जम्मा ३२३९ जनाले सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका |
| **५** | **जनचेतना तथा गरिबी निवारण** | | | |
| ५.१ | बालश्रमको अवस्था | रहेको तर तथ्यांकमा देखिदैन। | ▪ सचेतनाका अभियानहरु न्यून संचालन<br>▪ बालश्रम मुक्त पालिका घोषणाका लागि प्रयास भईरहेको। | गाउँपालिकाको तथ्यांकमा बालश्रम देखिदैन र त्यस्तो प्रकारको उजुरीहरु आउने गरेको छैन। |
| ५.२ | बालक्लबहरुको अवस्था | सबै वडामा क्लब रहेको | ▪ गाउँपालिकाको वार्षिक कार्यक्रम मार्फत नै बालक्लब गठन तथा क्षमता विकासका कार्यक्रम संचालन भएको। | बालक्लबको क्षमता विकास तथा बाल नेतृत्व क्रियाकलापहरु संचालन भएको देखिन्छ। |

| क्र.सं. | सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|---|
| ५.३ | महिला हिँसा | महिला हिंसाका घटना समुदायस्तरमा भय पनि त्यस घटनाले कानुनी पाटो लिएको देखिदैन | ▪ सचेतना, शसक्तिकरणका कार्यक्रम<br>▪ लैंगीक हिंसा बिरुद्धको १६ दिने अभियान संचालन | ▪ सचेतना, शसक्तिकरणका कार्यक्रम लैंगीक हिंसा बिरुद्धको १६ दिने अभियान संचालन |
| ५.४ | रोजगारीको अवस्था | स्थानीयस्तरमा रोजगारिका कम संभावना देखेर युवाहरु भारत तथा अन्यमूलुक जाने संख्या बढिनै देखिन्छ। | रोजगार शाखा मार्फत संचालित प्रधानमन्त्री रोजगार कार्यक्रमबाट ४० जना १०० दिन बराबरको रोजगारी | अघिल्लो आ.व.मा रोजगार सूचना केन्द्रमा सुचीकृत बेरोजगारको संख्या १३०० जना मात्र देखिएपनि यो संख्या गाउँपालिका भित्र धेरै छ। प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत ४० जना ब्यक्तिलाई अघिल्लो आ.व.मा स्वरोजगार गराएपनि त्यो पुग्दो मात्रामा छैन। अर्कोतर्फ समुदायहरु पनि स्थानीय विकास निर्माणका कामहरु मार्फत उपलब्ध् श्रममा आधारित रोजगारलाई त्यति महत्व नदिएको जस्तो पनि देखिन्छ। |
| ५.५ | स्वरोजगारका प्रयासहरु | | ▪ सीप विकास तालिम<br>▪ उद्यम विकास तालिम तथा उनिहरुलाई विभिन्न क्षमता विकास लगायत आर्थिक सहयोग | गाउँपालिकाको विभिन्न कार्यक्रम मार्फत सीप विकासका कार्यक्रमहरु संचालन भएपनि परम्परा र स्थानीय कच्चा पदार्थमा आधारित सीप विकास तालिम मार्फत व्यक्तिहरुको क्षमता विकास गरि स्वरोजगारको लागि सहयोग गरिएको देखिन्छ। अन्य व्यवसाय विस्तार, |

| क्र.सं. | सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|---|
| | | | ▪ स्थानीय रैथाने कलाकृतिको संरक्षण जस्तै पंचेबाजा लघुउद्यमी समुह गठन र तालिम प्रर्दान<br>▪ व्यवसायीक तरकारी खेतिका लागि विभिन्न सहयोगको कार्यक्रमहरु | पसल सुधार, तरकारी खेती, नर्सरी जस्ता सीप विकासका तालिम प्रदान गरिएको देखिन्छ। साथै विभिन्न संघसंस्था मार्फत् क्षमता विकास, नेतृत्व विकास, सीप विकास तालिम संचालन गरी स्वरोजगारलाई प्रबर्द्धन गरिएको देखिन्छ। |
| ५.६ | गरिबी निवारणका प्रयासहरु | | ▪ गरिबको लागि परिचय पत्र वितरण भईरहेको<br>▪ अप्रत्यक्ष रुपमा गरिवी निवारणका लागि विभिन्न क्रियाकलापहरुले सहयोग गरे पनि गरिवी निवारणका ठोस कार्यक्रम सीप तथा उधम विकास कार्यक्रम बाहेक गाउँपालिकाबाट अन्य कार्यक्रम संचालन त्यति गरिएको छैन। | प्रत्यक वर्ष गरिवी निवारणका लागि छरिएका कार्यक्रमहरु संचालन भएको कारणले ति कार्यक्रमहरुले आशातित उपलब्धि दिन सकेको देखिदैन तर पनि विभिन्न कार्यक्रम मार्फत केहि प्रतिशत गरिवी प्रत्यक वर्ष घटदो क्रममा रहेको देखिन्छ। अर्कोतर्फ समुदाय आफ्नै प्रयासमा गरिवी निवारणका लागि संघर्षरत रहेको कारणले पनि यस गाउँपालिकामा गरिवीको संख्या घटदै गईरहेको देखिन्छ। |
| ५.७ | सामाजिक परिचालन | | कृषि र पशुशाखाहरु समुह गठन गरि उनिहरुलाई विभिन्न प्रकारको शीप, औजार समाग्री पर्दान गरे पनि उनिहरुलाई परिचालन गर्ने प्रयासहरु कम भएका छन। | प्रत्यक्ष रुपमा ८ वटा कृषि र अन्य गरि १५ वटा सहकारी र १२० वटा कृषि समुह, अन्य विभिन्न शाखाहरु र गैसस मार्फत गठन भएका समुहहरु, स्वास्थ्य आमा समुह, बालक्लब, बालसंजाल, महिलाका समुह लगायत, बित्तिय |

| क्र.सं. | सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|---|
| | | | | संस्थाहरुका समुहहरु, उपभोक्ता समिति मार्फत केहि प्रयास भए पनि गाउँपालिकाले सामाजिक पचिालनको पाटोलाई केहिहदसम्म उपेक्षित गरिएको देखिन्छ। सामाजिक परिचालन लाई सहभागिताको तह सम्म मात्र हेरिएको तर रुपान्तरणको पाटोमा त्यति धेरे परिवर्तन हुन सकेको छैन। |
| ५.८ | वातावरण सुधारका प्रयासहरु | | ▪ गाउँ कार्यपालिकाको कार्यालय र आउने मुख्य सडक, वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयलमा सरसफाई तथा वातावरण सुधारमा जोड दिएको।<br>▪ समुदायतहमा वातावरण सुधारका क्रियाकलापहरु कम संचालन भएका | ▪ सेवा प्रदायक संस्थाहरु सफा र चिटिक्क परेका देखिन्छन।<br>▪ सडकको दायाँबायाँको जंगलले सुन्दरता र वातावरण सफा राख्न मद्धत्त गरेको छ । |
| ५.९ | एचआइभी र एड्स | | ▪ विभिन्न संघसस्था मार्फत सेवा प्रदान भईरहेको।<br>▪ पालिकाबाट उनिहरुको मनोवल उकास्न केहि सहयोग रकम वितरण भईरहेको। | ठुलो विकराल समस्या नरहेको। |

| क्र.सं. | सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|---|
| ६ | **विकासमा समान सहभागीता सेवाहरुमा पहुँच** | | | |
| ६.१ | स्थानीय बजार सम्म पुग्न लाग्ने समय | | बजार जादा लाग्ने समय घटाउनको लागि गाउँपालिकाले ठुलो लगानी सड्क निर्माणमा गरेको छ। | ▪ गाउँपालिकाको वडा नं. १ को पुरै र वडा नं. ७ को केहि भुभागका बासिन्दालाई भौगोलिक, सडकको राम्रो सुविधा नभएको कारणले बजार आउन लामै समय लाग्ने गरेको छ।<br>▪ अन्य वडा टोलहरुलाई बजार पुग्न यातायातको सुविधाको कारण त्यति समय लाग्दैन। |
| ६.२ | कृषि सेवाकेन्द्र पुग्न लाग्ने समय | | कृषिशाखामा जनशक्ति अभावले कृषक र प्राविधिक बिचको दुरी लामो देखिन्छ | ▪ कृषि सेवाहरुको लागि गाउँपालिकाको कृषि शाखामा पुग्नुपर्ने बाध्यता छ।<br>▪ बढीमा ३ घण्टा सम्म समय लाग्ने गरेको छ। |
| ६.३ | भौगोलिक रुपमा विकट क्षेत्र, महिला, पिछडिएका तथा सीमान्तकृत बर्गको संख्या, नीजहरुले पाएको | | गाउँपालिकाले नीति तथा कार्यक्रम मार्फत प्राथमिता दिने गरेको। | ▪ भौगोलिकरुपमा पिछडियको स्थानहरुमा बेला बेलामा घुम्ति स्वास्थ्य शिविर, पंजिकरण, कृषिका कामहरु, सामाजिक सुरक्षा भत्ताको लागि कार्ड नविकरण जस्ता कामहरु टोलमै पुगी सेवा प्रदान गरिरहेको। |

| क्र.सं. | सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|---|
| | सेवा तथा दिइएका विशेष अवसरहरु। | | | ▪ सीमान्तकृत बर्ग लक्षित, महिला लक्षित कार्यक्रमहरु संचालनमा रहेको<br>▪ गरिब महिलाहरुको नेतृत्वमा विभिन्न प्रकारका कामहरु उपभोक्ता समितिमाबसि निर्भाह गरिरहेका। |
| ७ | **विविध** | | | |
| ७.१ | जनशक्ति | | **गाउँपालिकाको कार्यालय, शाखा, वडा कार्यालय, स्वास्थ्य संस्थाहरुको विवरण** | निरन्तररुपमा कार्य सम्पादन भई रहेको |
| ७.२ | नीति तथा कार्यक्रम | | गाउँपालिकाले प्रत्येक वर्ष वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्ने गरेको | नीति तथा कायृक्रम अनुरुप वार्षिक कार्यक्रम र बजेट तर्जुमा गरि कार्यक्रमहरु संचालन गर्ने गरेको छ। नीति अनुसार बजेटको विनियोजन कम गरिने भएकाले नीति अनुरुपका सबै कार्यक्रमहरु संचालन गर्न नसकिरहेको देखिएकाले आउदो आ.व.हरुमा आफुसंग भएको श्रोत साधन सुहाउदो नीति र सो अनुरुपका कार्यक्रम संचालन गर्नुपर्ने छ। |
| ७.३ | भौतिक व्यवस्था | | आवश्यक भौतिक संरचनाहरु समय सापेक्ष सुहाउदो खालका रहेका। | ▪ गाउँपालिकाको आफ्नै भवन, सभाहल रहेको<br>▪ वडाको आफनै भवन रहेको। |

| क्र.सं. | सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|---|
| ७.४ | समन्वय तथा सहकार्यका प्रयासहरु | | संघ, प्रदेश, जिल्ला समन्वय समिति र अन्य पालिकाहरुसंग आवश्यकता अनुरुपको समन्वय भईरहेको | ▪ संघ, प्रदेश, जिल्ला समन्वय समितिसंगको समन्वय राम्रो भएकाले विकास निर्माणका कामहरुमा सहजता भएको देखिन्छ । <br>▪ गाउँपालिका समानीकरण अनुदानमा मात्र भरनपरि लागत सहभागीताको आधारमा संचालन गर्ने कार्यक्रमहरको लागि प्रस्ताव पेशगरी संघ र प्रदेशबाट बजेट ल्याउन कम पहल देखिन्छ। |
| ७.५ | अन्य सामाजिक सम्पादनका क्षेत्रहरु | | निरन्तरताका कार्यक्रम हरु संचालन | ▪ गाउँपालिकाको कार्यक्रममा समुदायको सक्रिय सहभागिता कम छ। <br>▪ सहभागतिामुलक योजना छनौट, कार्यान्वयन, अनुगमन, लाभको बाडफाड र योजनाको दिगोपनाका सबे चरणमा समुदायको सक्रिय सहभागीतालाई सुनिश्चीत गर्न सकिएको छैन। <br>▪ प्रवाभकारी सूचना सम्प्रेषण, नागरिक वडापत्रको कार्यान्वयन, गुनासो सम्बोधन, नागरिक निगरानी जस्ता कुराहरुमा सामाजिक परिचालन, सचेतिकरणका क्रियाकलापहरु संचालन गर्नुपर्ने । |

## ३.४. योजनाको मूल्यांकन तथा प्रभाव विश्लेषण

गाउँपालिकामा रहेका विभिन्न योजनाको स्थलगत अवलोकन, अध्ययन, अन्तरक्रियाबाट प्राप्त सुझावको आधारमा गत आ.व. मा कार्यान्वयन भएका योजना तथा कार्यक्रमहरुको मुल्यांकन तथा प्रभाव विश्लेषण गरिएको छ।

| क्र.सं. | स्थलगत अनुगमन गरिएका आयोजनाहरु | आयोजनाका मुख्य उपलब्धिहरु | आयोजना संचालनको क्रममा भोग्नु परेका मुख्य समस्याहरु | आयोजनाबाट भएका मुख्य सिकाईहरु |
|---|---|---|---|---|
| १ | चन्द्रनगर नहर निर्माण योजना<br>वडा नं ४ सुर्यनगर | • १२१ मिटर पक्कि कुलो निर्माण भएको<br>• १५० घर प्रत्यक्ष लाभांवित भएको | • समुदायको कम सहभागिता<br>• आवश्यकता अनुसारको पूर्ण काम र बजेट नहुनु<br>• उपभोक्ता समितिलाई काम गर्न झन्झटिलो, कामगर्ने र भुक्तानि दिने प्रकृया अप्ठ्यारो<br>• संयूक्त खाता खोल्दा ब्यक्तिगत खाता पनि खोल्नुपर्ने | • ईस्टिमेट सबैले बुझने भाषामा हुनु पर्ने र त्यो योजनामा उपलब्ध गराउनु पर्ने<br>• जनप्रतिनिधीहरुले योजना निर्माणको जनपरिचालन गर्ने काममा सहजिकरण गरिदिनु पर्ने<br>• योजना बनाउदा समस्या समाधान हुने परिणामको बजेटको व्यवस्था हुनपर्ने<br>• उपभोक्ताहरुलाई लागत विवरण बुझाउदा कर, गुणस्तर, उपभोक्ताहरुले योजना बाफत प्राप्त गर्ने रकम जस्ता कुराको बारेमा बिस्तृतरुपमा बुझाउनु पर्ने<br>• पारदर्शि योजनाकोलागि महिला उपभोक्ता समिति मार्फत काम गर्नुपर्ने |
| २ | सुन्दरखाल खानेपानी ईन्टेक निर्माण योजना<br>वडा नं. ४, सुन्दरखाल | • मूहान संरक्षणको लागि ईन्टेक निर्माण गरिएको<br>• ९२ घरधुरीलाई खानेपानीको सुविधा | • उधारोमा सामाग्री ल्याउन समस्या<br>• कामगर्ने र भुक्तानि दिने प्रकृया अप्ठ्यारो<br>• संयूक्त खाता खोल्दा ब्यक्तिगत खाता पनि खोल्नुपर्ने | |
| ३ | राम ब. वलीको घर देखि बिर ब. वलीको | • ७० मिटर पक्कि कुलो निर्माण भएको | • आवश्यकता अनुसारको बजेट नहुनु | |

| क्र.सं. | स्थलगत अनुगमन गरिएका आयोजनाहरु | आयोजनाका मुख्य उपलब्धिहरु | आयोजना संचालनको क्रममा भोग्नु परेका मुख्य समस्याहरु | आयोजनाबाट भएका मुख्य सिकाईहरु |
|---|---|---|---|---|
| | घर सम्म नहर निर्माण योजना<br>वडा नं. २, | • कुलोको केहि खण्ड पक्कि निर्माण भएको<br>• बर्षातमा कुलो झराली जान नपर्ने<br>• हिउदको सिंचाईमा पानी चुहिने समस्या घटदा उत्पादनमा वृद्धि<br>• सबै जग्गावालाले मिलेर काम गरेको | • उपभोक्ता समितिलाई काम गर्न झन्झटिलो, कामगर्ने र भुक्तानि दिने प्रकृया अप्ठ्यारो<br>• जनश्रमदान गर्दा पनि प्रतिघर ६ हजार रुपैया उठाउनु पर्यो<br>• ढुवानीमा रकम थोरै<br>• १ लाखको बजेटमा ८ पटक गाउँपालिका जादा आउदा ७२०० रुपैया भाडा मात्र खर्च भएको | • ठेकेदार भन्दा उपभोक्ता समितिले निर्माण गरेका कामहरु राम्रो गुणस्तरको देखिएकाले उपभोक्ता समितिलाई सहयोग पुग्ने खालका नीति, प्रकृयाहरु हुनुपर्ने<br>• गरिब पनि उपभोक्ता समितिमा बस्ने वातावरणको निर्माण गर्नुपर्ने<br>• योजना सम्झौता पश्चात सबै उपभोक्ताहरुलाई जम्मा गरि अनुमानीत लागत विवरण बारेमा सार्वजनिक गनु्पर्ने<br>• योजना निर्माण पुर्व व्यवस्थापन तालिम दिनु पर्ने<br>• योजना स्थलमा सूचना बोर्ड राख्नुपर्ने<br>• समुदायस्तरिय अनुगमन समितिको क्षमता विकास गर्नुपर्ने |
| ४ | मठ्यौरी सिंचाई कुलो निर्माण योजना<br>वडा नं. ७ | • १०० मिटर पक्कि कुलो निर्माण<br>• भिरालो स्थानमा बर्खामा कुलो भत्कने समस्याको निराकरण | • आवश्यकता अनुसारको पूर्ण काम र बजेट नहुनु<br>• उपभोक्ता समितिलाई काम गर्न झन्झटिलो, कामगर्ने र भुक्तानि दिने प्रकृया अप्ठ्यारो<br>• संयूक्त खाता खोल्दा ब्यक्तिगत खाता पनि खोल्नुपर्ने<br>• हार्डवयरले उधारो दिनुपर्ने भएकाले महंगो दररेट लगाउने | |

| क्र.सं. | स्थलगत अनुगमन गरिएका आयोजनाहरु | आयोजनाका मुख्य उपलब्धिहरु | आयोजना संचालनको क्रममा भोग्नु परेका मुख्य समस्याहरु | आयोजनाबाट भएका मुख्य सिकाईहरु |
|---|---|---|---|---|
| | | | • बर्षोसाल देखि सिंचाई योजना माग गरिन्छ तर बजेट सानो नालि निर्माणको लागि प्राप्त हुन्छ | |
| ५ | प्रगन्ना बाध माझकुलो निर्माण योजना<br>वडा नं ६ | • बाध पक्कि बनेको<br>• कुलोको बाधको लागि धेरै समय श्रमदान गर्दा खेती समयमा गर्न समस्या पर्थ्यो त्यो निराकरण<br>• कुलोमा आउने पानीको परिमाण र समयमा वृद्धि | • पूर्ण रुपमा काम नहुदा योजनाले तत्काल कम फाईदा दिने गरेको<br>• ईस्टिमेट २० लाखको हुन्छ तर ठेकेदारले १० लाखमा काम लिन्छ अनि कामको गुणस्तर पनि देखिदैन साथै योजनामा बचेको १० लाख पनि फिर्ता हुन्छ यता काम पूर्ण भएको हुदैन<br>• | |
| ६ | तल्लो बगरपुर भित्रीनाला निर्माण योजना<br>वडा नं. ५ तल्लो बगरपुर | • १७६ मी. सड्कको दुबै तर्फ नाला निर्माण<br>• सबै मिलेर काम गर्ने र प्राप्त रकमलाई बाडफाड गर्ने<br>• यातायातमा सहजता | • नाला निर्माणको कारण कुनैकुनै घरको पानी निकासमा समस्या्<br>• नाला अग्लो हुदा जमिनमा पानी जम्न सक्ने<br>• उपभोक्ता समितिलाई तालिमहरु प्राप्त नभएको | |
| ७ | सम्झना कृषक समुह<br>वडा नं. ७, मठ्यौरी | • २०७२ सालमा स्थापना<br>• बचत मासिक २ सय रुपैया | • समुहका सदस्य धेरै तर श्रोत साधन कम उपलब्ध हुने | • समयमा बिउँबिजन र मल उपलब्ध हुनुपर्ने |

| क्र.सं. | स्थलगत अनुगमन गरिएका आयोजनाहरु | आयोजनाका मुख्य उपलब्धिहरु | आयोजना संचालनको क्रममा भोग्नु परेका मुख्य समस्याहरु | आयोजनाबाट भएका मुख्य सिकाईहरु |
|---|---|---|---|---|
| | | • सदस्य २५ जना<br>• समुहमा कृषकहरु संगठित भएका<br>• समय समयमा बिउबिजन प्राप्त गरेका<br>• कृषि औजारहरु प्राप्त गर्न सफल | • घासको बिउ गुणस्तरिय थियन<br>• पालिकाको कृषि शाखाबाट हुने कार्यक्रमबारे कम जानकारी<br>• | • माटो र पानीको अवस्था हेरी बिउ उपलब्ध गराउनु पर्ने<br>• बिउँ सहयोगको साथमा प्राविधिक सहयोग पनि उपलब्ध गराउनु पर्ने<br>• जैविक मल र विषादी बनाउने तरिकाहरु सिकाउनु पर्ने<br>• कृषकले उत्पादन गरेको तरकारीले उपयुक्त मूल्य सहितको बजार पाउने वातावरण निर्माण गर्नुपर्ने<br>• माग अनुसारको कृषि औजार उपलब्ध गराउनु पर्ने वा पहिला नै संख्या किटान गरि सूचना उपलब्ध गराउनु पर्ने<br>• बिउ बिजन भन्दा प्राविधिक सहयोगमा जोड दिनु पर्ने<br>• थोरै सामाग्री प्राप्त गर्नपनि गाउँपालिका जानुपर्ने अवस्थाको अन्त्य हुनुपर्ने |
| ८ | प्रगतिशिल कृषि महिला समुह वडा नं १ गंगटे | • बचत मासिक २ सय रुपैया<br>• सदस्य २५ जना<br>• समुहमा कृषकहरु संगठित भएका<br>• बेसार खेतिको लागि सहयोग | • समयमा मल, बिउ बिजन उपलबध नहुने<br>• कृषि औजारहरुको माग समुहमा धेरै तर आउदा १ वटा मात्र आउने भएकोले वितरण गर्न समस्या<br>• बिउ बिजन कति मूल्यको हो जानकारी नहुने<br>• मागेको जात अनुसारको बिउ उपलब्ध नभएर अर्को अर्को बिउहरु आउने<br>• थोरै सामाग्री ल्याउनको लागि पनि गाउँपालिका पुग्न पर्ने<br>• समुहको क्षमता विकास, प्राविधिक सहयोग, तालिमहरु नपाईने | |

| क्र.सं. | स्थलगत अनुगमन गरिएका आयोजनाहरु | आयोजनाका मुख्य उपलब्धिहरु | आयोजना संचालनको क्रममा भोग्नु परेका मुख्य समस्याहरु | आयोजनाबाट भएका मुख्य सिकाईहरु |
|---|---|---|---|---|
| | | | • वडामा कृषि प्राविधिकको अभाव | |
| ९ | मा.वि. गंगटे, वडा नं १ | • डिजिटल बोर्ड, अतिरिक्त क्रियाकलापहरुले गर्दा बिद्यार्थि कक्षामा नियमित र सिकाईमा सहजता<br>• ८ देखि १० कक्षाका छात्रछात्रालाई ९० दिन होस्टलको व्यवस्थापन मार्फत अतिरिक्त सिकाई कक्षा<br>• प्रत्यक शुक्रबार अतिरिक्त क्रियाकलाप र प्रत्येक महिना टेष्ट लिने परिपाटी | • अभिभावकलाई बुझाउन समय धेरै लाग्ने<br>• सामुदायिक विद्यालयलाई अभिभावकले बिश्वास गरि नसकेको<br>• दरबन्दि पूर्ण नहुदा समस्या<br>• प्रविधिमैत्री सिकाईको लागि दक्ष जनशक्तिको अभाव | • अभिभावक शिक्षा कार्यक्रमलाई बढाउनु पर्ने<br>• थोरै शुल्क लियर अतिरिक्त कक्षा संचालन गर्दा सिकाई उपलब्धिमूलक हुने<br>• नेतृत्वकर्तामा आट र बिश्वास हुन पर्ने<br>• गाउँपालिकाबाट निरनतर अनुगमन र सहयोग हुनपर्ने<br>• शिक्षकहरुलाई प्रविधिमैत्री सिकाई सम्बन्धी तालिम संचालन गर्नुपर्ने |

## ३.५ विद्यमान चुनौती, संस्थागत कमजोरी, सामाजिक उत्तरदायित्व तथा सुधारात्मक सुझावहरू

सामाजिक परीक्षणका क्रममा गाउँपालिकाको सेवा प्रवाह, योजना कार्यान्वयन, संस्थागत व्यवस्थापन तथा नागरिक सहभागितासम्बन्धी विभिन्न चुनौती तथा कमजोरीहरू पहिचान भएका छन्। यस्ता चुनौतीहरूले सेवा प्रवाहको प्रभावकारिता, पारदर्शिता, जवाफदेहिता तथा सुशासन प्रवर्द्धनमा प्रत्यक्ष प्रभाव पार्ने देखिएको छ। त्यसैले सामाजिक उत्तरदायित्वलाई थप प्रभावकारी बनाउँदै संस्थागत सुधारका लागि आवश्यक सुझावहरू प्रस्तुत गरिएको छ।

| क्र.सं. | चुनौति वा कमिकमजोरी | सामाजिक जिम्मेवारी पूरा गर्न चाल्नुपर्ने कदम वा सुझावहरु | जिम्मेवारी |
|---|---|---|---|
| | दिर्घकालिन, विषयगत योजनाहरुको अभावमा वार्षिक कार्यक्रमहरु लक्ष्य तथा प्राथमिकता बिहिन जस्तो देखिन्छ। | गाउँपालिकाले आफ्नो गाउँपालिकाको दिर्घकालिन, आवधिक, विषयगत योजनाहरु निर्माण गरि सो अनुरुप वार्षिक नीति तथा कार्यक्रम र योजना निर्माण गर्नुपर्ने । | कार्यपालिकाले तोक्ने। |
| | दिगो विकास लक्ष्यले गरेका प्रतिबद्धता पुरा गर्न न्यून प्रयास। | सानो बजेटमा समुदायको अगुवाईमा गर्ने कार्यक्रमहरु तुरुन्त संचालन गर्दै दिगो विकासका आधारहरु तयार गर्ने जस्तै बालमैत्री, पोषण मैत्री, पूर्ण सरसफाईयूक्त गाउँपालिकाका बनाउने क्रियाकलापहरु संचालन गर्नुपर्ने | |
| | <u>वार्षिक नीति तथा कार्यक्रम, बजेट र कार्यान्वयन बिच तादम्यता नदेखिनु जस्तै;</u><br>• एसईई पछि गरीव, दलित, विपन्नलाई प्राविधिक शिक्षामा छात्रबृति दिने।<br>• अभिभावक शिक्षा, शिक्षामा लैससासका चेतनामूलक कार्यक्रम<br>• जनप्रतिनिधी संग बिद्यार्थि अभिभावक शिक्षक कार्यक्रम<br>• विपन्न गरीव र सुकुम्बासी परीवारका युवाहरुलाई प्राविधिक र कृषि जन्य तालिम | <u>गाउँपालिकाले वार्षिक नीति बनाउदा:</u><br>• श्रोतको पहिचान वास्तविक गर्नु पर्ने<br>• स्थानीय अवस्था र राज्यका प्रतिबद्धत्ताको आधारमा<br>• गाउँपालिकाको दिर्घकालिन, आवधिक, विषयगत योजनाहरु<br>• वडालाई बजेट सिलिंग पठाउदा विषयगत क्षेत्र अनुसार सिलिंग, आगामी वर्षको लागि नीति तथा कार्यक्रमको ड्राफ्ट, गाउँपालिका, प्रदेश र संघको प्राथमिकताको बिषय पनि संगै राखेर पठाउनु पर्ने।<br>• बजेट निर्माण गर्दा नीति तथा कार्यक्रमको आधारमा वडाबाट प्राप्त मागहरुलाई प्राथमिकता दिनुपर्ने | |

| क्र.सं. | चुनौति वा कमिकमजोरी | सामाजिक जिम्मेवारी पूरा गर्न चाल्नुपर्ने कदम वा सुझावहरु | जिम्मेवारी |
|---|---|---|---|
| | • वञ्चितीकरणमा परेका जेष्ठ नागरिक, गर्भवतीहरुलाई निशुल्क एम्बुलेन्स सेवा<br>• नवजात शिसु तथा मातृ पोषण कार्यक्रम<br>• विषयगत समितिलाई क्रियासील बनाउने<br>• डिजिटल नागरिक पत्र | | |
| | प्रभावकारी सूचनाको माध्यमबाट सूचना संम्प्रेषण नहुनु जसको कारण पछाडी परेका समुदायहरुलाई जानकारी नै नहुनु । | • प्रत्यक टोलमा सबैको पहँचहुने स्थानमा सूचना पाटि राख्ने र त्यसको संरक्षणको जिम्मा स्थानीय सामुदायिक संस्थाहरुलाई दिने,<br>• गाउँपालिका र वडाबाट प्रवाहहुने सूचनाहरु निरन्तर टास गर्ने | |
| | संस्थागत विधि, संरचनाहरुलाई सकृय नबनाईनुको कारण जनप्रतिनिधि र कर्मचारीहरुलाई अधिक कार्यबोझ जस्तै;<br>• सूचना सम्प्रेषण ब्यक्तिगत हुनु<br>• गुनासो तथा सुझाव पेटीकाको प्रयोग नहुनु<br>• नागरिक वडापत्र टास नभएको, समुदायमा बडापत्र बारे कम जानकारी ।<br>• स्थानीय सामुदायिक तथा सहयोगी संस्थाहरुलाई महत्व नदिनु | • गाउँपालिकाले गुनासो व्यवस्थापन कार्यविधि निर्माण गरि कार्यान्वयन गर्नुपर्ने<br>• ब्यक्तिगत तवरबाट मागिने सूचना वा राखिने गुनासोहरुलाई संस्थागत तर्फ पठाउन प्रयास गर्ने<br>• नागरिक वडापत्र सबै स्थानमा सबै नागरिकले देख्नेगरी राख्नुपर्ने वडापत्रको बारेमा अभिमूखीकरण गर्नुपर्ने।<br>• टोल विकास संस्था गठन गर्ने वा स्थानीय सामुदायिक तथा सहयोगी संस्थाहरुलाई सकृय बनाउने क्रियाकलापहरु संचालन गर्नुपर्ने | |
| | स्वास्थ्य संस्थाहरुमा न्यूनतम औषधीको अभाव जस्को कारण स्वास्थ्य संस्थाहरु प्रति नागरिकको भरोसा नहुनु। | • स्वास्थ्य संस्थाहरुको बजेटमा बृद्धि गर्नुपर्ने<br>• औषधि खरिद प्रकृयालाई छिटो छरितो बनाउनु पर्ने | |

| क्र.सं. | चुनौति वा कमिकमजोरी | सामाजिक जिम्मेवारी पूरा गर्न चाल्नुपर्ने कदम वा सुझावहरु | जिम्मेवारी |
|---|---|---|---|
| | | • अति आवश्यक औषधिको लागि छिमेकी पालिका औषधि ऐचो-पैचो कार्यक्रम संचालन गर्नुपर्ने | |
| | कार्यक्रमहरु सामाजिक न्याय भन्दा समानताको अबधारणामा संचालित भएको देखिन्छ ।<br>• वडालाई दिने बजेट बराबर हुनु<br>• अनुदानमा सबैलाई एकै प्रकृया<br>• वितरणमूखी क्रियाकलापहरुमा जोड<br>• परनिर्भरता बढाईरहेको<br>• कुनै कुनै कार्यक्रम गोलाप्रथा द्धारा छनौट | श्रोत साधन सबैलाई वितरण गर्नु भन्दा पछाडी र अप्ठारोमा परेका घरपरिवार, समुदायलाई पहिलो प्राथमिकता सहित बढी सहयोग गर्ने खालको नीति निर्माण गरि कार्यान्वयन गर्नुपर्ने।<br>• बस्तीस्तरको योजना छनौटमा विषयगतरुपमा छलफल गर्नुपर्ने<br>• वडागत बजेट सीमा निर्धारण गर्दा आधार र भार विधि प्रयोग गर्नुपर्ने<br>• निर्भरता घटाउने खालले कार्यक्रम कार्यान्वयन गर्नुपर्ने<br>• सहभागी छनौटको विधि निर्माण गरी पछाडी परेका बर्गमैत्री बनाउनु पर्ने | |
| | समुदायले व्यवस्थापन गर्ने, समुदायको सहभागीतामा गर्नुपने कार्यहरुमा समुदायको सहभागितालाई सुन्य प्राय गराईनु। | • स्थानीय सरकार संचालन ऐन २०७४ मा रहेका योजना तर्जुमा सम्बन्धी मुलभुत व्यवस्थाहरुलाई कार्यान्वयनमा ल्याउनु पर्ने।<br>• वार्षिक योजना निर्माण गर्दा स्थानीय सरकारको वार्षिक योजना तथा बजेट तर्जुमा हाते पुस्तिकामा गरिएको व्यवस्थापन बमोजिम गर्नुपर्ने।<br>• उपभोक्ता समितिलाई काम गर्न सक्ने खालको सहयोगी वातावरण निर्माण हुनुपर्ने जस्तै एडभान्स, दररेट, बैंक खाता र तालिम<br>• योजनाको पहिचान देखी कार्यान्वयन हुदै योजनाको संचालनबाट प्राप्त हुने लाभको बाडफाड सम्म समुदायको सकृय सहभागीतालाई बढाउन जोड दिनुपर्ने। | |

| क्र.सं. | चुनौति वा कमिकमजोरी | सामाजिक जिम्मेवारी पूरा गर्न चाल्नुपर्ने कदम वा सुझावहरु | जिम्मेवारी |
|---|---|---|---|
| | समुदायको आवाज बढाउने, समुदायलाई सकृय बनाउने, समुदायलाई रुपान्तरण गर्ने क्रियाकलापहरु कम संचालनमा रहेका | समुदायमा रहेका समुह, सामुदायिक संस्थाहरुलाई रुपान्तरणको लागि परिचालन गर्ने। | |
| | भौतिक विकासको कार्यान्वयन मार्फत सिमान्तकृत बर्गहरुको नेतृत्व तथा व्यवस्थापकिय शीपको विकास गर्न सकिन्छ भन्ने कुरा व्यवहारमा नदेखिनु। | • इस्टिमेट गर्नु भन्दा पहिला समुदायमा वृहत छलफल गर्नुपर्ने।<br>• योजनाको सम्झौता सम्बन्धित योजना स्थलमा गर्ने र योजनाको अनुमानीत लागत विवरण, शिर्षक, सामाग्री अनुसारको विवरण र समुदायले गर्नुपर्ने कामको विवरण सहित अनुमानीत बजेट सार्बजनिकिकरण गर्नुपर्ने।<br>• उपभोक्ता समिति र उपसमितिहरु सो समयमानै गठन गर्नुपर्ने।<br>• योजना निर्माण पूर्व व्यवस्थापन तालिम अनिवार्य संचालन गर्नुपर्ने।<br>• पहिलानै अनुमानीत लागत विवरण सहितको सूचना बोर्ड राख्ने र निर्माण पश्चात वास्तविक लागत विवरण पनि राख्नु पर्ने।<br>• योजनाको ईस्टिमेटमा योजना सहजीकरण कार्यकर्ताको व्यवस्था गरि सहजकर्ता परिचालन गर्नुपर्ने। | |
| | परिणाममूखि भन्दा परिमाणमूखि काम हुनु। | • वार्षिक नीति तथा कार्यक्रम बारे सबै वडा तथा शाखाहरुलाई अभिमूखिकरण गर्ने र सो अनुरुपको अनुगमन तथा मूल्यांकन चेकलिस्ट बनाउने।<br>• शाखा शाखा बिचको बजेट समन्वयात्मकरुपमा खर्च गर्ने।<br>• पूर्ण योजनाहरु प्राथमिकता दिने।<br>• योजना सम्पन्न पश्चात समय समयमा मुल्यांकन गर्ने परिपाटीको विकास | |

| क्र.सं. | चुनौति वा कमिकमजोरी | सामाजिक जिम्मेवारी पूरा गर्न चाल्नुपर्ने कदम वा सुझावहरु | जिम्मेवारी |
|---|---|---|---|
| | | • गाउँपालिकाले रोजगारी बढाउने र गरिवी घटाउने योजनाहरुलाई प्राथमिकता दिनुपर्ने ।<br>• समयमा श्रोत साधनको वितरण हुनुपर्ने। भ्यालू फर मनि (श्रोतको सदुपयोग) | |
| | संस्थागत मेमोरीमा सुधार गर्न नसकियको | • सबै शाखाहरुमा तथ्याकं, डाटा चुस्त दुरुस्त हुनुपर्ने<br>• उपभोक्ता समितिमा सबै प्रकृयाको १ सेट कागज पत्र अनिवार्य राख्नुपर्ने | |
| | सिंचाई योजनाहरुको दिगो संरक्षणको लागि मर्मत सम्भार समिति गठन र कोष संकलन गर्ने परिपाटीको अभाव । | • हेरालु, मर्मत सम्भार कार्यकर्ता छनौट गरि उनिहरुलाई मर्मत सम्भार सम्बन्धी क्षमता विकासका कार्यक्रम संचालन गर्ने<br>• मर्मत सम्भार कोष योजना सुरुवात चरण देखिनै उठाउन सुरु गर्ने<br>• योजना निर्माण पश्चात योजना व्यवस्थापन तालिम संचालन गर्नुपर्ने | |
| | विद्यालयमा अभिभावकको सहभागीता कम हुनु, | • सामुदायिक विद्यालयहरुमा जवाफदेहीतालाई बलियो बनाउनु पर्ने।<br>• गाउँपालिकाको वार्षिक योजनामा समुदायलाई विद्यालयको व्यवस्थापन र अनुगमनमा क्रियासिल बनाउनने क्रियाकलाप छनौट गरि बजेट सहित कार्यान्वयन गर्नुपर्ने,<br>• अभिभावक शिक्षा कार्यक्रम संचालन गर्नुपर्ने। | |
| | कार्य बिभाजन र प्राथमिकिकरणमा समस्या | • गाउँपालिकाको शाखाहरुलाई लक्ष्य, नीति, रणनीति, योजना निर्माण र अनुगमन तथा मूल्याकंनका काममा मात्र लगाउने र<br>• वडालाई बजेट निर्माण गरि कार्यान्वयन गर्ने काममा लगाउनु पर्ने ।<br>• स्थानीय तह संस्थागत स्वमूल्यांकनमा देखिएको कमजोर पक्ष वातावरण संरक्षण, विपद् व्यवस्थापनका कामहरुलाई प्राथमिकतामा | |

| क्र.सं. | चुनौति वा कमिकमजोरी | सामाजिक जिम्मेवारी पूरा गर्न चाल्नुपर्ने कदम वा सुझावहरु | जिम्मेवारी |
|---|---|---|---|
| | | राख्नुपर्ने, सामाजिक सुरक्षा, घरेलु हिंसा अन्त्यका लागि बहस, पैरवी, सचेतना र रुपान्तरणका अभियानहरु संचालन गर्नुपर्ने।<br>• वार्षिक योजना निर्माण गर्दा स्थानीय सरकारको वार्षिक योजना तथा बजेट तर्जुमा हाते पुस्तिकामा गरिएको व्यवस्थापन बमोजिम गर्नुपर्ने। | |
| | नागरिकको कर्तब्य बारेमा सचेतनाको कमि। | • जेष्ठ नागरिक, अवकास प्राप्त जनसंक्ति, सफल उद्यमि व्यवसायी, अगुवा कृषकहरुको शीप ज्ञान र अनुभवलाई बालाबालिकाहरु, महिला, कृषि समुहहरुमा भेटघाट कुराकानी, छलफल गराउने क्रियाकलापहरु संचालन गर्ने। | |
| | प्रकृया र कागजातहरु पारदर्शी हुनु नसकेको | • सहयोगी संस्थाको रुपमा टोल विकास संस्था गठन गरि क्षमता विकास, जिम्मेवारि सहित परिचालन गर्नुपर्ने।<br>• सार्वजनिक सुनुवाईलाई व्यापक गर्नुपर्ने साथै सबै वडा र गाउँपालिकाले चौमासिक सार्वजनिक सुनुवाई गर्नुपर्ने।<br>• योजना पूर्व र योजना निर्माण पश्चात अनिवार्य सार्वजनिक परिक्षण गराउनु पर्ने।<br>• गाउँपालिकाको सामाजिक परिक्षण, सामुदायिक अंकपत्र सम्बन्धी क्रियाकलापहरु संचालन गर्नुपर्ने ।<br>• उपभोक्ता समिति र ठेक्का मार्फत संचालन हुने योजनामा समुदाय स्तरिय अनुगमन प्रणालीलाई सशक्त बनाउन अनुगमन समितिको गठन गर्ने र उनिहरुलाई योजनाको बारेमा अभिमूखिकरण गर्नुपर्ने। | |

| क्र.सं. | चुनौति वा कमिकमजोरी | सामाजिक जिम्मेवारी पूरा गर्न चाल्नुपर्ने कदम वा सुझावहरु | जिम्मेवारी |
|---|---|---|---|
| | गर्नै पर्ने सुधारात्मक काममा बजेट विनियोजनै नहुनु | • करको दर भन्दा दायरा फराकिलो बनाउनु पर्ने।<br>• कार्यसम्पादन करार गरि नतिजामा आधारित कार्यलाई प्रोत्साहन गर्नुपर्ने।<br>• कर्मचारि-जनप्रतिनिधी, वडा-गाउँपालिका, शाखा-शाखा बिचमा समन्वय हार्दिकता वृद्धि गर्नुपर्ने।<br>• प्रत्यक वडामा खुला क्षेत्रको पहिचान गरि संरक्षण गर्नुपर्ने।<br>• पूर्ण सरसफाई, फोहरमैला व्यवस्थापनका क्रियाकलापहरु समुदायस्तरमा अभियानको रुपमा संचालन गर्दै पूर्ण सरसफाईयूक्त पालिका निर्माणमा जोड दिने।<br>• दिगो विकास लक्ष्यले लियका लक्ष्य प्राप्तिकालागि क्रियाकलापहरु संचालन गर्नुपर्ने ।<br>• कार्यक्रम सम्पन्न पश्चातको अनुगमन र मुल्यांकन अनिवार्य हुनुपर्ने ।<br>• समयमा श्रोत साधनको वितरण हुनुपर्ने।<br>• गरिएका कामहरु दिगोपनाको लागि रणनीति निर्माण गर्नुपर्ने आवश्यक देखिन्छ । | |

## ३.६ जिम्मेवारीको क्षेत्र अनुसार चाल्नुपर्ने कदम वा सुझावहरु

| जिम्मेवारीको क्षेत्र | के गर्नुपर्ने |
|---|---|
| स्वास्थ्य सेवातर्फ | • पोषणमैत्री गाउँपालिका निर्माणको लागि आधारहरु निर्माण गर्नुपर्ने ।<br>• सबै स्वास्थ्य संस्थाहरुमा पोषण कर्नर र गाउँपालिकामा स्तनपान कक्षको व्यवस्था गर्नुपर्ने।<br>• स्वास्थ्य तथा पोषण सम्बन्धी विभिन्न अभियानहरुमा स्थानीय सामुदायिक संस्थाहरुलाई परिचालन गर्नुपर्ने।<br>• आमा समूह तथा स्वास्थ्य संजाललाई अझै सक्रिय बनाउनुपर्ने।<br>• सबै नागरिकको पहुँच हुने स्वास्थ्य बीमाको कार्यक्रमलाई बिस्तार गर्नुपर्ने।<br>• नसर्ने रोगको रोकथामका लागि जनसमुदायमा योग, आयुर्बेद, खानपान, जीवनशैली, तनाव व्यवस्थापन बारे सचेतना कार्यक्रम तथा मनोसामाजिक परामर्श सेवा संचालन गर्नुपर्ने।<br>• जटिल तथा खर्चिला रोगको उपचारलाई सहज तुल्याउन विपन्न वर्गलाई लक्षित गरी कोषको स्थापना गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्ने।<br>• स्वास्थ्य संस्थाहरुमा समेत सामाजिक परीक्षण अनिवार्य संचालन गराउनुपर्ने। |
| शिक्षा तर्फ | • शिक्षाको गुणस्तर सुधार गर्न विद्यालय सुधार योजनाको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने।<br>• सामुदायिक अंकपत्र जस्ता जवाफदेहीता अभिबृदिका औजारहरुको प्रयोगमा जोड दिनुपर्ने।<br>• शिक्षकहरुलाई तहगत र विषयगत संयोजकको जिम्मेवारी पर्दान गर्नुपर्ने।<br>• गाउँपालिकाको वार्षिक योजनामा समुदायलाई विद्यालयको व्यवस्थापन र अनुगमनमा क्रियाशिल बनाउनको लागि निम्नानुसारका क्रियाकलापहरु बजेट सहित कार्यान्वयन गर्नुपर्ने<br>क) वर्षको २ पटक गा.पा.को उपस्थितिमा तहगत विद्यालय अभिभावक भेटघाट कार्यक्रम अनिवार्य गर्नुपर्ने<br>ख) अभिभावकको लागि शिक्षाको महत्व र शिक्षाको गुणस्तर सुधारमा उनिहरुको भुमिका बारेमा अभिमूखिकरण कार्यक्रम विद्यालयमा संचालन गर्नुपर्ने।<br>ग) वर्षको २ पटक वि.व्य.स., शिक्षक, अभिभावक र बिद्यार्थी बिचमा अन्र्तकृया र सार्वजनिक सुनुवाईको कार्यक्रम संचालन गर्ने। |

| जिम्मेवारीको क्षेत्र | के गर्नुपर्ने |
|---|---|
| | घ) अनुगमन कार्यलाई प्रभावकारी बनाउनु पर्ने।<br>ङ) अतिरिक्त क्रियाकलापहरु संचालन गर्नुपर्ने। |
| खानेपानी तथा सरसफाई तर्फ | • गाउँपालिकाको खानेपानी तथा सरसफाई गुरुयोजनाको प्रवाभकारी कार्यन्वयनमा जोड दिनुपर्ने।<br>• समुदायतहमा रहेका विभिन्न समुदायमा आधारित सामुदायिक संस्थाहरु मार्फत पूर्णसरसफाईका क्रियाकलापहरु संचालन गर्नुपर्ने।<br>• खानेपानीको गुणस्तर परिक्षण गर्ने जनशक्तिको निर्माण गर्नुपर्ने ।<br>• सबै घरधुरीलाई पाईपद्धारा एकघर एक धारा सहितको स्वच्छ खानेपानी उपलब्ध गराउनु पर्ने।<br>• वातावरणिय सरसफाईमा ध्यान दिदै जैविक फोहरलाई घरमै व्यवस्थापन गरि जैविक मल र विषदी निर्माणमा जोडदिने कार्यक्रम संचालन गर्नुपर्ने। |
| बालबालिका, महिला र समावेशी तर्फ | • बञ्चितीकरणमा परेका जाति, वर्ग, लिङ्ग र समुदायको लागि आर्थिक, सामाजिक, नेतृत्व विकास सहित समाजलाई रुपान्तरण गर्नसक्ने प्रभावकारी कार्यक्रम संचालन गर्नुपर्ने।<br>• वडा तथा गाउँपालिका स्तरीय महिला सञ्जाल गठन गरी उनिहरुलाई सचेतना र उनिहरु मार्फत पैरवी र रुपान्तरणका कार्यक्रमहरु संचालन गर्नुपर्ने।<br>• लैससास रणनीति तयार गरी स्थानीयस्तरमा रहेका संघ संस्थालाई सोको कार्यान्वयनको लागि समन्वय गर्नुपर्ने।<br>• अर्थपूर्ण, समतामूलक सहभागीता सुनिश्चितता लागि नीतिगत व्यवस्था गर्नुपर्ने।<br>• मानव बेचबिखन तथा लैङ्गिक हिंसाबाट पीडित र प्रभावितहरुको संरक्षण तथा पूनस्थापनाको लागि अल्पकालीन र दीर्घकालीन योजना निर्माण गर्नुपर्ने ।<br>• सार्वजनिक स्थल, बाटो, सार्वजनिक भवन, अस्पताल, शौचालय आदिलाई बालमैत्री, लैंगिकमैत्री, अपाङ्गमैत्री तथा समावेशी हुने गरी निर्माण गर्नुपर्ने।<br>• बालबालिका तथा किशोरकिशोरी बिरुद्ध हुने सबै प्रकारका बिभेद, दुव्र्यवहार, शोषण, बालश्रम, बलात्कार, बेचबिखन, ओसारपसार, बालबिवाह जस्ता अपराध बिरुद्ध सचेतना कार्यक्रम संचालन गर्नुपर्ने। |

| जिम्मेवारीको क्षेत्र | के गर्नुपर्ने |
|---|---|
| | • अप्ठारो अवस्थामा रहेका ज्येष्ठ नागरिक तथा अति अशक्त अपाङ्गता भएका ब्यक्तिलाई सामाजिक सुरक्षा भत्ता वडा एवं टोलस्तरमा उपलब्ध गराउनु पर्ने। |
| स्वरोजगार तर्फ | • उद्यम व्यवसायका लागि सहुलियतपूर्ण कर्जा उपलब्ध गराउन वित्तिय संस्थाहरुलाई सहजिकरण गर्नुपर्ने।<br>• स्थानीय स्तरमा संचालन हुने विकास निर्माणका कामहरुमा स्थानीय नागरिकहरुको श्रमलाई प्रयोग गर्नुपर्ने।<br>• गाउँपालिकाले संचालन गर्ने कामहरुमा रोजगार बढाउने खालका कामहरुलाई प्राथमिकता दिनुपर्ने।<br>• स्थानीय युवाहरलाई लक्षित गरि शिप विकासका कार्यक्रम संचालन गर्ने र उद्यम व्यवसायका लागि उनिहरलाई आवश्यक सहयोग केहि समय गाउँपालिकाले गरिदिने। |
| कृषि, पशुपालन तथा सिंचाईं तर्फ | • निर्माण भएका सिंचाई योजना र कृषिका कार्यक्रमहरु समानान्तररुपमा अगाडि बढाउनुपर्ने।<br>• कृषि बीमाको लागि गाउँपालिकाको नेतृत्वमा बिमा कम्पनी, ऐजेन्ट, कृषक समुदाय सहित सबैको सहभागितामा सबै कृषकहरुलाई कृषि वीमामा जोडिन प्रोत्साहन गर्नुपर्ने ।<br>• जैविक विषादी र जैविक मलको प्रयोगमा जोड दिन कृषकहरुलाई सो अनुसारका कार्यक्रम सघनरुपमा संचालन गर्नुपर्ने।<br>• प्रत्यक वडामा पोषण नर्सरीको स्थापना गरि कृषकलाई सहुलियत दरमा तरकारीको बेर्ना उपलब्ध गराउने खालका कार्यक्रममा जोड दिनुपर्ने।<br>• कृषि पेशा र कृषकलाई सम्मान गर्ने कार्यक्रम संचालन र प्रोत्साहन गर्दै उत्पादन देखि बजारिकरणका सबै कार्यक्रम पकेटको रुपमा संचालन गर्ने।<br>• जलवायू परिवर्तनको असर बाट बच्न अनुकुलका कार्यक्रममा जोडदिने।<br>• खडेरी वा सुख्खा सहन स्रक्ने जातको बिउबिजनमा जोड दिन कृषकहरलाई प्रोत्साहन गर्ने।<br>• मल, बिउ र औजारको वितरण प्रकृयालाई अलि व्यवस्थित गराउनु पर्ने ।<br>• मल, बिउ, औजार र तालिमहरुको सहभागि छनौट गर्न समुहलाई सहभागी वा लाभग्राही छनौटका आधारहरु दिनुपर्ने, विधि बनाउनु पर्ने र सो अनुरुप समुहलाई अभिमूखिकरण गर्नुपर्ने । |

| जिम्मेवारीको क्षेत्र | के गर्नुपर्ने |
| --- | --- |
| | • सघनरुपमा कृषक र कृषि प्राविधिक भेटघाट गर्ने वातावरण निर्माण गर्न प्रत्यक महिना प्रत्यक टोलमा कम्तिमा १ पटक कृषि प्रविधिक कृषक भेटघाट कार्यक्रम राखुपर्ने सो अनुरुपको वार्षिक क्यालेन्डर कृषि शाखाले निर्माण गरि टोलटोलमा जानकारी दिनुपर्ने।<br>• पशु तथा पंक्षिपालका लागि विभिन्न सम्भावित बस्तिहरुलाई पकेटकोरुपमा बिस्तार गर्नुपर्ने।<br>• कृषकहरुलाई निशुल्क औषधि वितरण प्रकृयालाई परिमार्जन गर्नुपर्ने।<br>• पशुबिमा कम्पनी र समुदायलाई राखेर सहजिकरण गर्नुपर्ने। |
| विपद् व्यवस्थापन शाखा | • वार्षिक नीति तथा कार्यक्रम र बजेट बनाउदा विपद् तथा जलवायू अनुकुलनका कार्यक्रम राख्न जोड गर्ने<br>• जोखिम नंक्सांकन गरि संकटमा रहेका वा पर्नसक्ने घरपरिवारको तथ्यांक अध्याबधिक गर्ने र उक्त समुदायहरुमा न्यूनिकरणका क्रियाकलापहरु संचालन गर्ने<br>• सबै विकास निर्माणका कामहरुमा विपद् तथा जलवायू उत्थानशीलताका क्रियाकलापहरुलाई मूलप्रवाहिकरण गर्ने<br>• पुर्वतयारी तथा प्रतिकार्य योजना, विपद् तथा जलवायू उत्थानशील योजना निर्माण गरि कार्यान्वयन गर्ने |
| अन्य शाखाहरु | • शाखालाई आवश्यक पर्ने सूचना अध्यावधिक गर्ने<br>• पालिकाको नीति तथा कार्यक्रमको आधारमा कार्यक्रमहरु निर्माण गर्ने<br>• कार्यक्रम बनाउदा विपन्न, गरिब, पछाडि परेको समुदाय, लिंग, जात, उमेर समुहलाई प्रत्यक्ष लाभ हुने कुराको सुनिश्चितता गर्ने |

# ४. निष्कर्ष

बबई गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को सामाजिक परीक्षणका निष्कर्षहरूले स्थानीय शासनको वर्तमान अवस्था, उपलब्धि तथा सुधारका सम्भावित क्षेत्रहरूलाई समग्र रूपमा उजागर गरेका छन्। मिथकीय सन्दर्भसँग तुलना गर्दा स्थानीय शासनलाई आदर्श शासन प्रणाली वा न्यायपूर्ण राज्य व्यवस्थाको रूपमा व्याख्या गर्न सकिन्छ।जहाँ शासनको मूल आधार सत्यनिष्ठा, उत्तरदायित्व, नागरिक कल्याण र समावेशिता मानिन्छ। सोही आदर्श दृष्टिकोणसँग तुलना गर्दा गाउँपालिकाको शासन प्रणालीमा सुशासनका आधारभूत मूल्यहरू क्रमशः संस्थागत हुँदै गएको देखिन्छ, यद्यपि पूर्ण सन्तुलित अवस्थासम्म पुग्न अझै सुधारात्मक प्रयास आवश्यक छ।

सामाजिक परीक्षणबाट प्राप्त तथ्यहरूले गाउँपालिकाले नीति निर्माण, योजना तर्जुमा तथा सेवा प्रवाहका क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गरेको पुष्टि गर्छन्। विशेषगरी पारदर्शिता प्रवर्द्धन गर्ने विभिन्न उपायहरू‘जस्तै सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण अभ्यास, ई—बिडिङ प्रणाली, विद्युतीय हाजिरी तथा अनलाइन सेवा प्रवाह‘ले शासन प्रक्रियामा आधुनिकता र जवाफदेहिताको अभ्यासलाई सुदृढ बनाएको देखिन्छ। यी प्रयासहरूले नागरिक र सरकारबीचको दूरी घटाउँदै सेवा प्रवाहलाई थप नागरिकमुखी बनाउने दिशामा सकारात्मक प्रभाव पारेका छन्। त्यसैगरी, स्वास्थ्य, शिक्षा, सामाजिक सुरक्षा, कृषि तथा पूर्वाधार विकासजस्ता क्षेत्रहरूमा गाउँपालिकाले उल्लेखनीय उपलब्धिहरू हासिल गरेको देखिन्छ। पूर्णखोप घोषणा, विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन, विपन्न तथा लक्षित वर्गका लागि सामाजिक सहायता कार्यक्रम, कृषक समूह गठन तथा प्रविधिमैत्री शिक्षामा जोड जस्ता पहलहरूले समावेशी विकासको आधार मजबुत बनाएको संकेत गर्छन्। यी उपलब्धिहरूले स्थानीय तहलाई केवल सेवा प्रदायक निकाय नभई सामाजिक रूपान्तरणको प्रमुख संवाहक संस्थाका रूपमा स्थापित गर्ने प्रयासलाई प्रतिविम्बित गर्छन्।

तर, केही संरचनागत र कार्यान्वयनगत चुनौतीहरू अझै विद्यमान रहेको स्पष्ट हुन्छ। विशेषगरी जनशक्ति व्यवस्थापन, नागरिक सहभागिताको गुणस्तर, योजना छनोट प्रक्रियाको समावेशिता, लागत साझेदारीको प्रभावकारिता तथा केही कार्यक्रमहरूको दिगोपनासम्बन्धी पक्षहरू अपेक्षित स्तरमा पुग्न सकेका छैनन्। यसले नीति र अभ्यासबीचको अन्तरलाई संकेत गर्दछ, जसलाई क्रमशः घटाउँदै लैजानु आवश्यक छ।

समग्रमा, सामाजिक परीक्षणका निष्कर्षहरूले बबई गाउँपालिका सुशासन, पारदर्शिता र नागरिक उत्तरदायित्वको मार्गमा सकारात्मक रूपमा अग्रसर रहेको देखाए तापनि मिथकीय आदर्श शासनको स्तर हासिल गर्न संस्थागत क्षमता सुदृढीकरण, सहभागितामूलक योजना प्रणालीको विस्तार, र परिणाममुखी अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई थप प्रभावकारी बनाउनु अपरिहार्य देखिन्छ। यसरी मात्र स्थानीय शासनलाई दिगो, उत्तरदायी र नागरिक—केन्द्रित शासन प्रणालीका रूपमा स्थापित गर्न सकिने निष्कर्ष निकाल्न सकिन्छ।

## अनुसूची—१: सन्दर्भ सामग्रीहरू


बबई गाउँपालिका, दाङ। कार्यक्रम तथा परियोजना योजना अनुसार बजेट विनियोजन, आ.व. २०८१/०८२ (अवधिः २०८१/०४/०१—२०८२/०३/३२)

बबई गाउँपालिका, दाङ। वार्षिक कार्य प्रगति प्रतिवेदन, आ.व. २०८१/०८२

बबई गाउँपालिका, दाङ। आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम


बबई गाउँपालिका, दाङ। वार्षिक शैक्षिक स्थिति प्रतिवेदन, २०८२

फिल्ड अध्ययन, २०८२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४

## अनुसूचि २ सामाजिक परीक्षणका क्रममा लिईएका फोटोहरु

| | |
|---|---|
| प्रगतिशिल कृषि महिला समुह वडा नं १ गंगटे समुहसंगको छलफल<br> | चन्द्रनगर नहर निर्माण योजना वडा नं ४ सुर्यनगर योजना उपभोक्ता समितिसंग छलफल<br> |
| तल्लो बगरपुर भित्रीनाला निर्माण योजना वडा नं. ५ तल्लो बगरपुर बस्तीका समुदायसंगको छलफल<br> | मठ्यौरी सिंचाई कुलो निर्माण योजना वडा नं. ७ संगको छलफल<br> |

| वडामा बृहत छलफल, वडा नं. ५ | वडामा बृहत छलफल, वडा नं. २ |
| --- | --- |
|  |  |
| चन्द्रनगर नहर निर्माण योजना वडा नं ४ सुर्यनगर | मठ्यौरी सिंचाई कुलो निर्माण योजना वडा नं. ७ |
|  |  |

| गगंटे लिफ्ट सिचाई पोखरी, वडा नं. १ | राम ब. वलीको घर देखि बिर ब. वलीको घर सम्म नहर |
| --- | --- |
|  |  |

***समाप्त***